# कानेपोखरी गाउँपालिकाको वस्तुगत विवरण
# (RURAL PROFILE)

कानेपोखरी गँउँपालिका कार्यालय
मोरङ
प्रदेश नं. १
२०७४

# प्रकाशकीय

नेपालमा नयाँ सम्विधान निर्माण भएर कार्यान्वयन हुने कममा  देसलाई नयाँ तथा परिवर्तिन रूपमा पुनरव्यवस्थित गरिएको छ । नेपालको संविधान २०७२ ले राज्यको शासकीय स्वरूपलाई संघात्मक प्रणालिअनुसार व्यवस्था गरेको छ, जसमा संघ, प्रदेश र स्थानीय तह पर्दछन् । यसरी नयाँ संरचनामा मुलुकलाई तीन तहको मूल संरचनाको व्यवस्थित गरिएको छ । स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा (जिल्ला समन्वय समिति) ले सरकारको सवैभन्दा तल्लो तहका रुपमा सरकारका सेवा प्रवाह गर्ने व्यवस्था गरिएको छ । सरकारी सेवा जनताको घरदैलोसम्म पुऱ्याउने उद्देश्यले यस्ता स्थानीय तहको अवधारणा अगाडि सारिएका हुन् । गाउँपालिका र नगरपालिकाले भने कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारहरू प्रदत्त भएकाले आफ्नो काम, कर्तव्य तथा अधिकारहरू संविधान, ऐन, नियम, विनियम तथा अन्य कार्यविधिहरू अनुसार प्रयोग गर्दै कार्यकारणी, व्यवस्थापकीय र न्यायिक काम सम्पादन गर्नु पर्ने हुन्छ ।

हालसालै स्थापना भएका गाउँपालिका तथा नयाँ नगरपालिकाहरूले सूचना तथा तथ्याङ्क संकलन, विश्लेषण र  व्यवस्थापन गरी वस्तुगत विवरण तयार गरेर त्यसैका आधारमा आगामी वर्षका लागि योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्ने हुन्छ । संकलित सूचना तथा तथ्याङ्कलाई यथार्थपरक ढंगले विश्लेषण गरी वस्तुगत विवरण तयार गर्दा त्यसले गाउँपालिका लगायत अन्य सरोकारवालाहरूलाई विकास निर्माण लगायतका क्रियाकलाप सञ्चालन गर्न आधार स्तम्भको रूपमा सहयोग पुऱ्याउने देखिन्छ । तसर्थ तत्काल नेपाल सरकारको यथाशक्य चाँडो वस्तुगत विवरण तयार गर्न निर्देशन जारी भए बमोजिम यस गाउँपालिकाको पार्श्वचित्र तयार गरी प्रकाशन गरिएको हो ।

कानेपोखरी गाउँपालिकाको सूचना व्यवस्थापनका लागि सूचना तथा तथ्याङ्क संकलन, प्रशोधन, तालिकीकरण र विश्लेषण गरी यो वस्तुगत विवरण तयार गरिएको छ । यसका लागि आफ्नो अथक परिश्रमका साथ सूचना संकलनको कार्यलाई सफल बनाउने यस गाउँपालिका तथा वडा कार्यालयका कर्मचारी साथीहरू धन्यवाद पात्र हुनुहुन्छ । पार्श्वचित्र तयारी गर्ने जिम्मेवारी लिई छोटो समयको बाबजुद पनि चाँडै यो पार्श्वचित्र तयार गर्ने कमन इन्टरनेशनल मेडिया प्रा.लि. विराटनगरलाई  धन्यवाद दिन चाहन्छु । यसैगरी यस गाउँपालिका अन्तर्गतका विद्यालय, स्वास्थ्य संस्था, कृषि, वन, पशु र शिक्षा कार्यालय तथा अन्य सामाजिक संघसंस्था एवम् विभिन्न क्षेत्रबाट सूचना उपलब्ध गराई सहयोग गर्नु हुने सबै व्यक्ति र निकायहरूलाई पनि धन्यवाद छ । अन्तमा यो वस्तुगत विवरण नगरपालिकाको श्रोत र साधनले भ्याएसम्म त्रुटिरहित बनाउन प्रयास गरिएको छ । तर यसमा अझै केही कमी कमजोरी रहेको पाइएमा आगामी दिनमा यसमा क्रमिक रूपमा सुधार गरिने छ । सम्बन्धित सरोकारवाला पक्षहरूबाट यसका कमी कमजोरी औंल्याई सकारात्मक सुझाव र सहयोग हुने अपेक्षा गर्दछु ।

धन्यवाद
विनोद कुमार भण्डारी
कार्यकारी अधिकृत/प्रमुख
कानेपोखरी गाउँपालिका, मोरङ

# कानेपोखरी गाउँपालिकाको संक्षिप्त परिचय

## १. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्व तर्फः | पथरी शनिश्चरे र सुनवर्षि नगरपालिका |
| पश्चिम तर्फः | बेलबारी नगरपालिका |
| उत्तर तर्फ : | लेटाङ्ग नगरपालिका |
| दक्षिण तर्फः | रंगेली नगरपालिका |

## २. राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| साबिक होक्लाबारी गाविसका वडा नं. १ देखि ९ लाई | कानेपोखरी गापा वडा नं. १ |
| साविक केरौन गाविसका वडा नं ३, ४ र ६ देखि ९ लाई | कानेपोखरी गापा वडा नं. २ |
| साविक बयरवन  गाविसका वडा नं. १ देखि ५ लाई | कानेपोखरी गापा वडा नं. ३ |
| साविक बयरवन  गाविसका वडा नं. ६ र ७ लाई | कानेपोखरी गापा वडा नं. ४ |
| साविक केरौन गाविसका वडा नं १, २ र ५ लाई | कानेपोखरी गापा वडा नं. ५ |
| साविक बयरवन  गाविसका वडा नं. ८ लाई | कानेपोखरी गापा वडा नं. ६ |
| साविक बयरवन  गाविसका वडा नं. ९ लाई | कानेपोखरी गापा वडा नं. ७ |

## ३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

| | |
|---|---|
| भौगोलिक अवस्थाः | सवै तराई |
| क्षेत्रफलः | ८२.८३ वर्ग कि.मी. |
| कृषियोग्य जमिन | ४८२५ हेक्टर |
| कृषि क्षेत्रः | ७५ प्रतिशत |
| गैरकृषि क्षेत्रः | २५ प्रतिशत |
| सहकारी संस्थाका सदस्य | ४३५० जना |
| समुद्र सतहदेखिको उचाई | ७३ मिटर |
| तापक्रम | ८ देखि ३४ डिग्री |
| औसत वर्षा | १०७० मिलिमिटर |

| ४. जनसंख्या | २०६८ साल | २०७४ साल |
|---|---|---|
| घरपरिवार संख्या : | ८६८३ | ८७९४ |
| कुल जनसंख्याः | ३८०३३ | ४९७९१ |
| महिलाः | २०५४१ | २५३५५ |
| पुरुषः | १७४९२ | २४४३६ |
| ३ वर्षभन्दा कमको संख्या | २५०५ जना | |
| आदिवासी जनजाति | १८७४५ जना | |
| दलित | ३५३१ | |
| मधेशी पिछडावर्ग | १२३२ | |

| | |
|---|---|
| अन्य जातजाति | १४५२५ |
| जनसंख्या बृदिदर | ०.१८ प्रतिशत |
| लैङ्गिक अनुपात | ८५.१६ जना |
| प्रथम विवाह गर्दाको उमेर | २२.२५ पुरुष |
| प्रथम विवाह गर्दाको उमेर | १८.१९ महिला |

**५. शैक्षिक स्थिति**

| | |
|---|---|
| कुल साक्षरताः | ७२.९७ % |
| पुरुष | ८१.५० % |
| महिला | ६५.८५ % |
| आदिवासी जनजाति | ७०.५९ % |
| दलित वर्ग | ६०.२३ % |
| मधेशी पिछडावर्ग | ६९.१० % |
| अन्य जात | ७९.३७ % |

**६. घरको अवस्था**

| | |
|---|---|
| खरको छाना भएको घर | ३२४३ घर |
| जस्तापाताले छाएको घर | ५११३ |
| छत ढलाई भएको | २१३ |

# विषयसूची

## परिच्छेद एक
## वस्तुगत विवरण तयारीको परिचय


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| मुख्य उद्देश्यहरू | २ |
| महत्व | ३ |
| प्रयोग गरिएका बिधिहरू | ३ |
| सूचनाहरू विश्लेषण र प्रस्तुतिकरण | ४ |
| वस्तुगत विवरणको सिमा | ४ |


## परिच्छेद दुई
## कानेपोखरी गाउँपालिकाको परिचय


| | |
|---|---|
| ऐतिहासिक पृष्ठभूमि | ५ |
| नामकरण | ६ |
| अवस्थिति | ७ |
| सिमाना | ७ |
| क्षेत्रफल | ८ |
| भौगोलिक स्वरूप | ८ |
| स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण | ८ |
| पर्यटकीय स्थलहरूको विवरण | १० |
| वर्तमान भूउपयोगसम्बन्धी विवरण | १४ |
| सिंचित क्षेत्रफल | १५ |
| वनक्षेत्र, नर्सरीसम्बन्धी विवरण | १५ |
| सरकारी तथा सार्वजनिक जमिनहरूको विवरण | १६ |


## परिच्छेद तीन
## आधारभुत तथ्यांक विश्लेषण
## खण्ड एक
## व्यक्तिगत विवरण


| | |
|---|---|
| जनसंख्याको विवरण | १७ |
| लिंगअनुसार घरमूली | १८ |
| समूहगत उमेरको जनसंख्या | २० |

आर्थिक रुपले सकृय जनसंख्या २६

परिवारका सदस्य संख्या २९
जातिगत जनंख्या ३०

जातिगत समूहको जनसंख्या ३३

मातृभाषा अनुसारको जनसंख्या ३४

धर्मअनुसारको जनसंख्या ३६

साक्षरता ३८

जातिगत समूहको साक्षरता ३९

उत्तीर्ण गरेको तह ४०

शैक्षिक क्षेत्रअनुसारको जनसंख्या ४१

वैबाहिक अवस्था ४२

अशक्तता ४३

## खण्ड दुई
## घरायसी तथा पारिवारिक विवरण

घरको स्वामित्व र किसिम ४६

घरको छाना ४८

खानेपानी ४९

इन्धनको स्रोत ५०

सौचालयको व्यवस्था ५१

महिलाका नाममा घर ५२

साधन र सुविधाको प्रयोग ५३

## खण्ड तीन
## विविध विवरणहरू

अपांगता परिचयपत्र लिएका ५५

खाद्यान्न आत्मनिर्भरताको अवस्था ५५

परिवारको स्वामित्वमा रहेको जग्गाजमिनसम्बन्धी विवरण ५६

आब २०७२।७३ को पञ्जिकरणको विवरण ५७

आब २०७२।७३ को नागरिकता तथा अन्य सिफारिस ५८

| | |
|---|---|
| सामाजिक सुरक्षा भत्ता पाउने विवरण | ५८ |
| शैक्षिक संस्था विवरण | ५९ |
| विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राको विवरण | ५९ |
| विद्यालयमा शौचालयको विवरण | ६० |
| तहगत शिक्षक विवरण | ६० |
| विद्यमान स्वास्थ्य सेवाहरू | ६१ |
| खोपसेवाको विवरण | ६२ |
| खोपसेवा छोड्ने बालबालिकाको अवस्था | ६३ |
| बालअधिकार | ६३ |
| विगत ३ वर्षको पोषणको अवस्था | ६५ |
| कामदारका रूपमा बाहिर गएका बालबालिका | ६६ |
| जन्मदर्ता भएका बालबालिका | ६६ |
| महिला हिंसासम्बन्धी विवरण | ६७ |
| वातावरण तथा सरसफाई | ६७ |
| फोहरमैला व्यवस्थापन | ६७ |
| हुलाक सेवाकेन्द्र | ६७ |
| गाउँपालिकाका हालका भवनहरू | ६८ |
| बस स्टेन्ड र पार्क | ६८ |
| सिंचाईको श्रोत | ६९ |
| तालतलैया र प्राकृतिक पोखरीको नाम | ६९ |
| टाढाको वस्तिबाट गाउँपालिकामा पुगिने अनुमानित समय | ६९ |
| बैंक तथा बित्तिय संस्था | ७० |
| खुल्ला क्षेत्र | ७२ |
| चल, अचल सम्पत्ति | ७२ |
| धार्मिक स्थलको नाम | ७३ |
| सडक सन्जालको वर्तमान अवस्था | ७४ |
| निर्माणधिन गाउँस्तरीय सडकहरू | ७५ |

रूट परमिट लिएर चलेका सवारी साधन ७५
गाउँ क्षेत्रमा चल्ने सबारी साधन ७६
विद्यमान सतह ढलको अवस्था ७६
प्रकोपबाट भएको क्षतिसम्बन्धी विवरण ७६
विपद व्यवस्थापन पूर्व तयारी ७६
ग्रामिण विद्युतीकरण ७६
दूरसन्चारसम्बन्धी विवरण ७७
झोलुंगे पुलपुलेसासम्बन्धी विवरण ७७
व्यापारिक केन्द्रको विवरण ७८
सामुदायिक भवनको विवरण ७८
सार्वजनिक पाटी, पौवा र चौतारा ७८
खेलमैदानसम्बन्धी विवरण ७८
पार्क, वनस्पति र उद्यानसम्बन्धी विवरण ७९
गाउँपालिका कार्यालयको दुरी ७९
गैर सरकारी संघसंस्थाहरू ७९
सचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या ७९
मुख्य पेशा व्यवसायसम्बन्धी ८०
औसत मासिक पारिवारिक आम्दानी ८०
औसत मासिक पारिवारिक बचत ८१
बार्षिक कृषि उत्पादन सम्बन्धी सूचना ८१
पशुधन ८२
व्यपार व्यवसाय ८२
औद्योगिक तथा व्यापार व्यवसाय ८३
विगत ५ आर्थिक वर्षको आयव्ययको विवरण ८५
गाउँपालिकाका प्रमुखको विवरण ८५
एम्सीपिएम्को विवरण ८५
बेरोजगार तथ्यांक ८५
अवशर, चुनौति र सम्भावनाहरू ८६
सन्दर्भग्रन्थसूची
परिशिष्टहरू

# परिच्छेद एक
# वस्तुगत विवरण निर्माणको परिचय

## पृष्ठभूमि

नेपाल सरकारले जनताको घरदैलोसम्म सरकारी सेवा र सुविधा पु¥याउने उद्देश्यले गाउँपालिकाहरू गठन गरेको हो । केन्द्रिकृत सेवा सुविधा गाउँपालिकासम्म विकेन्द्रिकृत हुँदा सरकारी सेवा लिन केन्द्रसम्म धाउनुपर्ने बाध्यताबाट जनताले उन्मुक्ति पाएका छन् । लोकतान्त्रिक पद्धतिमा यस्तो सेवा आफ्नो गाउँघरमा नै पाउनु पनि जनताको नैसर्गिक अधिकार मानिन्छ । यतिमात्र नभएर आफ्नो गाउँपालिका भित्रका समूचित सूचनाहरू पाउने अधिकार पनि सवै नागरिकको रहेको हुन्छ । गाउँपालिकाको वस्तुगत विवरण तयारीबाट गाउँभित्रका सूचनाहरू एकतृत हुने र प्रबाह गर्न शरल हुने गर्दछ । आवश्यक पर्ने व्यक्तिलाई यस्ता सूचना प्रबाह गर्ने कार्य पनि गाउँपालिकाहरूले गर्दछन् ।

भरखरै गाउँपालिका र नगरपालिकाहरू घोषणा हुँदा पुराना गाउँ विकास समिति र नगरपालिकाको संरचनामा व्यापक हेरफेर भएको छ । तसर्थ ती क्षेत्रमा विकास निर्माणका कार्य सन्चालन गर्नका लागि तथ्यांकहरूको निकै ठूलो अभाव छ । गाउँपालिका र नगरपालिकामा योजना निर्माणका लागि तथा विकास निर्माणका कार्य गर्न यथार्थ सूचनाको आवश्यकता पर्दछ । तर घरधुरी सर्वेक्षणबाट प्राथमिक तथ्यांक संकलन गरी सूचना प्रबाह गर्न ठूलो खर्च र बर्षौंको समय लाग्ने गर्दछ । यस्तो अवस्थामा छोटो समयमा तथा कम खर्चमा तत्कालका आवश्यकता पूरा गर्ने उद्देश्यले जनगणना २०६८ को प्रतिवेदनलाई आधार मानेर यो वस्तुगत विवरण तयार गरिएको छ । यसले तत्कालका लागि सूचना सम्प्रषण र योजनाहरू सन्चालन गर्न शरल हुने छ ।

सामान्य अर्थमा कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजबिजका बारेको तथ्य वा बिस्तृत विवरणलाई सूचना भनिन्छ । सूचना गाउँपालिकाहरूका विविध प्रकारका जानकारी दिने विषयवस्तु हुन् । सूचनाहरू संकलनका आधारमा दुई प्रकारका हुन्छन्, जुन प्राथमिक र द्वितीयक सूचना हुन् । प्राथमिक सूचना संकनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गर्दछ भने अरूले संकलन गरेर प्रयोग गरेका सूचनालाई द्वितीयक सूचना भनिन्छ । सूचनाहरूलाई संकलन, प्रशोधन ( तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा प्रस्तुत गर्नाले मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । सूचना व्यवस्थापनबाट यसमा हुनसक्ने त्रुटीमा पनि कमी आउने गर्दछ ।

गाउँको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाह गर्नका लागि यथार्थपरक सूचनाको आवश्यकता पर्दछ । साथै गाउँपालिका भित्रका सूचना संकलन र तिनको व्यवस्थापन गर्ने जिम्मेवारी पनि गाउँपालिकाको नै हुने गर्दछ । तर हालसम्म भरखरै घोषणा भएका गाउँपालिकाहरूको वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका तयार भएको पाइँदैन । तसर्थ अलगअलग गाउँपालिका तथा नगरपालिकाले तयार गरेका वस्तुगत विवरणको ढाँचामा पनि एकरूपता पाउन सकिँदैन । तसर्थ यसमा वस्तुगत विवरणको एउटा खाका तयार पारी त्यसैको आधारमा आवश्यक

सूचना प्रबाह गर्ने कार्यलाई महत्व दिइएको छ । यसलाई निश्चित खाका तयार पारी त्यसैको परिधिभित्र रहेर तयार पारिएको छ भने तथ्यांकको शुद्धताका लागि अनेक प्रकारका विधिहरू प्रयोग गरिएका छन् । मन्त्रालयले दिएको खाकालाई नै आधार मानेर स्थानविशेषका तथ्यांक प्रस्तुत गरिएका छन् । यसका लागि द्वितीयक र प्राथमिक तथ्यांकका साथमा जनगणना २०६८ को प्रतिवेदनलाई पनि आधार मानिएको छ । साथै वन, पशु, भूमिसुधार, स्वास्थ्य, भेटेनरी र अन्य विभिन्न क्षेत्रगत कार्यालयका सूचना र प्रतिवेदनहरूको संकलन र अध्ययन गरी यस वस्तुगत विवरणलाई पूर्णता दिने प्रयास गरिएको छ ।

प्रस्तुत वस्तुगत विवरणले गाउँको समग्र सूचना दिने हुँदा यसले गाउँको समस्त विकासका लागि योजना निर्माण गर्न सहयोग पुग्ने मान्यता छ । साथै गाउँको समग्र सूचना आवश्यक पर्ने जिज्ञासु र अध्ययन अनुसन्धानकर्तालाई पनि यस वस्तुगत विवरणले आवश्यक सूचना प्रबाह गर्ने विश्वास गरिएको छ ।

## मुख्य उद्देश्यहरू

गाउँपालिकाहरूको पार्श्वचित्र निर्माणबाट तिनीहरूको आवश्यकता अनुसारका सूचना एकीकृत हुने गर्दछन् । यसबाट आवश्यकता अनुसार सूचना प्रबाह गर्न पनि सकिन्छ । यसले गाउँ भित्रका धेरै स्रोतहरूका बारेमा समेत यथार्थ जानकारी दिने हुनाले योजना निर्माणका लागि पनि पार्श्वचित्र सहयोगी हुने गर्दछन् । यसका साथमा यस पार्श्वचित्र निर्माण कार्यका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

- गाउँपालिकाको सूचनासम्बन्धी तत्कालको अभावलाई समाधान गर्ने ।
- गाउँपालिकाको वास्तविक र सही सूचना संकलन गरी व्यवस्थापन गर्ने ।
- गाउँपालिकाका तथ्यांकहरू आवश्यकताअनुसार सम्बद्ध निकायलाई उपलब्ध गराउने ।
- गाउँपालिका भित्रका स्रोत, साधन र शीपको पहिचान गरी त्यसको सदुपयोग गर्ने तथा सम्भावित जोखिमहरूबाट बँच्ने उपायहरूको खोजी गर्ने ।
- योजना छनौट पछि प्राथमिकता निर्धारणका लागि आधार तयार पार्ने ।
- स्थानीय विकासका लागि नवीन सोंच र चिन्तनको सम्भावनाका लागि मार्ग प्रशस्त गर्ने ।
- आवश्यक हुने निकाय र व्यक्तिलाई छिटो र छरितो ढंगमा सूचना उपलब्ध गराउने ।
- सूचनाहरूलाई इन्टरनेटको माध्यमबाट सर्वशुलभ गराउनु ।

यस पार्श्वचित्र निर्माणका उद्देश्यहरूमा सूचनाको व्यवस्थापन गरी आवश्यकता अनुसार गाउँपालिकाका सूचनाहरू लिपिबद्ध गर्ने र प्रयोगमा ल्याउने कुरा निकै महत्वपूर्ण छ । विकास निर्माणका कार्यसँग समन्वय गरी स्थानीय मानिसहरूलाई सेवा सुविधा उपलब्ध गराउन पनि यसका सूचनाहरू उपयोगी हुने छन् ।

## महत्व

सरकारी सेवा जनताको घरदैलोसम्म तथा विकासका प्रतिफलहरू स्थानीय जनता समक्ष पुऱ्याउन र सबै वर्गका मानिसहरूले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थितिको रेकर्ड गर्नु आजको मुख्य आवश्यकता हो । आजको विश्वव्यापीकरणको युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी पर्दछ। यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न प्रकारका क्रियाकलापहरू संचालन गर्न विशेष महत्व राख्ने स्पष्ट छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस पार्श्वचित्र निर्माण कार्यको निकै ठूलो महत्व रहेको छ। तसर्थ यस गाउँपालिकाको पाश्वचित्र निर्माण गर्ने कार्य गरिएको हो ।

## प्रयोग गरिएका विधिहरू

गाउँपालिकाको वस्तुगत विवरणको ढाँचा तयारीका लागि विगतमा तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र विगतमा तयार पारिएका गाउँ विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरूको अध्ययन गरी यो पार्श्वचित्र तयार पारिएको हो । यसका साथै यस क्षेत्रका विज्ञहरूसँग गरेको परामर्शलाई पनि आधार लिएर अध्ययन विधि निर्क्योल गरिएको छ। यता आधारभूत सूचना संकलनका लागि एउटा प्रश्नावली तयार पारी विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सम्बद्ध व्यक्तिहरूलाई भराएर पनि सूचना संकलन गरिएका छन् । यसरी पार्श्वचित्र तथा सूचना संकलनको विधि निर्धारण गरेपछि तथ्यांक या सूचना संकलन गर्ने तथा अनुसन्धानात्मक ढंगमा त्यसलाई विश्लेषण तथा प्रस्तुतिकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यतामा अभिबृद्धि भएको छ भने दोहोरोपना पनि हटेर गएको छ। प्रस्तुत सूचनाहरू जनगणना २०६८ को प्रतिवेदन, विभिन्न संघसंस्थाका प्रतिवेदन तथा स्थलगत अध्ययनबाट पनि संकलन गरिएका छन् ।

वस्तुगत विवरण निर्माणको ढाँचा तयार भएपछि जनगणनाको प्रतिवेदनलाई अध्ययन गरिएको छ। विभिन्न संघसंस्था र कार्यालयका प्रतिवेदनलाई पनि यो पार्श्वचित्र निर्माणमा आधार मानिएको छ । यसका साथै स्थानीय मानिसहरूसँगको छलफलबाट पनि केही तथ्यांक संकलन गरिएको छ । छोटो समयमा भर्न सकिने प्रश्नावली तयार पारी प्रतिनिधिमूलक ढंगमा स्थानीय सरोकारवालालाई भर्न दिएर पनि प्राथमिक तथ्यांक संकलन गरिएको छ । त्यसपछि तथ्यांकलाई तालिकीकरण, प्रशोधन र विश्लेषण गरिएको छ । यसका लागि वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ। यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीयक सूचनाका श्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरूको समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र गाउँपालिकाको अवस्था झल्कने गरी सिंगो पार्श्वचित्र तयार गर्ने प्रयास गरिएको छ ।

## सूचनाहरूको विश्लेषण र प्रस्तुतिकरण

प्रस्तुत पार्श्वचित्र तयारीका क्रममा सूचना संकलन तथा स्थानीय मानिसहरूसँग छलफल गरेपछि प्राप्त भएका तथ्यांकलाई CSPro 3.3 सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गर्ने काम गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणका लागि द्वीतियक स्रोतसँग तुलना गरिएको छ । प्राप्त तथ्यांकलाई विश्लेषण गरी नक्सा, तालिका, चित्र तथा वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ । प्राप्त सुचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ । गाउँपालिकाको समग्र स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पार्ने क्रममा विभिन्न विषयवस्तुलाई विभिन्न प्रकारका सूचकका रूपमा प्रयोग गरिएको छ । यता अवलोकन र सम्बद्ध पदाधिकारीहरूसँगको छलफलबाट आएका तथ्यांकलाई भने अन्य स्रोतबाट प्राप्त सूचनासँग तुलना गरी यो पार्श्वचित्र तयार पारिएको छ ।

## वस्तुगत विवरणको सीमा

प्रस्तुत पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्देश्यले दर्साएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिईएको छ । साधन, श्रोत, समय, लागत र सूचना लगायत अन्य विषयवस्तुहरूको सिमितताका कारणले जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाँधिएको हुन्छ । छोटो समयमा र कम खर्चमा यो पार्श्वचित्र निर्माण गर्नुपर्ने बाध्यता रहेको हुँदा वि.सं. २०६८ सालको जनगणनाको प्रतिवेदनलाई पनि आधार मानिएको छ । यसैगरी विभिन्न संघसंस्थाका प्रतिवेदनलाई पनि यसमा आधार लिइएको छ । प्राथमिक तथ्यांक संकलनका लागि भने घरधुरी सर्वेक्षण गर्न धेरै समय लाग्ने हुनाले स्थानीय मानिसहरूसँग छलफल गर्ने, छोटो प्रश्नावली भराएर प्रतिनिधिमूलक ढंगमा भराउने तथा पुराना प्रतिवेदनबाट पनि सूचनाहरू लिने गरिएको छ । प्रश्नावली निर्माण गरी प्रतिनिधिमूलक ढंगमा भर्न लगाएर संकलन गरिएका प्राथमिक सूचनालाई भरपर्दो आधार मानिएको छ ।

अध्ययनको क्षेत्र भौगोलिक रूपमा कानेपोखरी गाउँपालिका रहेको छ । यसको सीमाका विषयमा भने यसले कानेपोखरी गाउँपालिका भित्रका सूचनालाई मात्र महत्व दिइएको छ । वास्तवमा कानेपोखरी गाउँपालिकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतसामग्रीको प्रयोग गरिएको छ । यसमा विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा स्थानीय मानिसहरूसँग छलफल गरिएको छ । यस बाहेक जनगणना २०६८ को प्रतिवेदन, गाविसहरूका रेकर्ड तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ । सम्बद्ध कार्यालयहरूका प्रतिवेदनलाई पनि सूचनाको स्रोत मानिएको छ । तिनका प्रकासित र अप्रकासित दुवै प्रकारका प्रतिवेदनको पनि सहयोग लिएको छ । त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो पार्श्वचित्र तयार पारिएको छ ।

# परिच्छेद दुई
# कानेपोखरी गाउँपालिकाको परिचय

## ऐतिहासिक पृष्ठभूमि

मोरङको कानेपोखरी गाउँपालिका जिल्लाको बीच भागमा पर्दछ । यो गाउँपालिकाको उत्तरी भागमा चारकोशे झाडी छ भने त्यही भागबाट पूर्वपश्चिम राजमार्ग पनि गएको छ । यस गाउँपालिकाको उत्तरी भाग पूर्वपश्चिम राजमार्गभन्दा करिव ४ किलोमिटर उत्तरसम्म फैलिएको छ । कानेपोखरी भेग उर्बर जमिनले भरपुर छ । यस भेगमा निकै वटा सिमसार छन् भने पहाडबाट आएका खोला पनि यस गाउँपालिका भेगबाट बगेका छन् । प्रशस्तै जंगल र जलस्रोत रहेको तथा उर्बर जमिनसमेत रहेको कानेपोखरी गाउँपालिका प्राकृतिक सम्पदाका दृष्टिले निकै सम्पन्न छ । अघि वि.सं. १९७१ सालभन्दा अगाडि रंगेली विराटनगरको सदरमुकाम थियो । त्यस बेला कानेपोखरी गाउँपालिकाको सम्पूर्ण भूभाग रंगेलीको सिमावर्ती क्षेत्र थियो । तसर्थ त्यस बेला यस गाउँपालिका भित्रका विभिन्न भागमा मानिसहरूका निकै ठूलाठूला वस्तिहरू थिए । पछि वि.सं. १९७१ सालमा मोरङको सदरमुकाम विराटनगरमा सारिएको हो । त्यसपछि पनि कानेपोखरी विराटनगरको पूर्वतिर या रंगेलीको उत्तर तिरको महत्वपूर्ण गाउँका रूपमा परिचित रही रह्यो । अति उर्बर जमिन भएको हुँदा यस गाउँपालिका भेगको ख्याति निकै धेरै बढेको देखिन्छ ।

अघि कानेपोखरी गाउँपालिका क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको देखिन्छ । यहाँका नदी किनारी भागमा केही जातजातिका मानिसहरूकाससाना वस्तिहरू थिए । घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । कानेपोखरी गाउँपालिका भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन् । कानेपोखरी नाम आफैं पनि ऐतिहासिक छ । यो पोखरी यस गाउँपालिकाको उत्तरतिर कानेपोखरी बजारदेखि केही दक्षिणमा जंगल भित्र पर्दछ । यो पोखरी अघि विराटराजाको गाई हेर्ने काने नामक व्यक्तिले गाईहरूलाई पानी खुवाउन निर्माण गराएको हो भनिन्छ । हाल आएर स्थानीय धिमाल समुदायका मानिसहरूले यसलाई काने महाराजको थान भएको क्षेत्र मान्ने गर्दछन् । विराटराजा महाभारतका पात्र थिए । तसर्थ तिनका गाई तथा गोठालाको प्रसंग यहाँको पोखरीसँग जोडेको खण्डमा यसको ऐतिहासिकता महाभारत कालसम्म पुग्ने गर्दछ । महाभारत काल बुद्धको समयभन्दा अगाडि तथा इसापूर्व आठौंनबौं शताब्दीतिरको मानिन्छ । तसर्थ यस भेगको इतिहास आजभन्दा ३ हजारदेखि ३२ सय बर्ष अगाडिसम्म पुग्ने गर्दछ ।

स्थानीय धिमाल लगायतका जातजातिमा कानेपोखरीका बारेमा अनेक प्रकारका लोकोक्ति र किंवदन्तीहरू पाइने गर्दछन् । स्थानीय मानिसहरूमा प्रचलित एक किंवदन्ती अनुसार यस पोखरी भेगमा अघि एकजना बृद्ध महिला बस्ति रहिछन् । यता स्थानीय धिमाल पुरूष र महिलाहरू यही बाटो भएर भोगटेनीको राजारानी भेगमा लाग्ने मेलामा सहभागी हुन जाने र फिर्ने गर्दा रहेछन् । मेलापात जानका लागि महिलाहरूले अनेक प्रकारका गरगहना लगाउने चलन भएकाले तत्काल गरगहना नहुने महिलाहरूका लागि यहाँ बस्ने ती बृद्धाले गरगहना दिने गर्दिरहिछन् । महिलाहरू पनि ती महिलाबाट पाएका गरगहना लगाएर मेला भर्न जाने तथा पछि फिर्दा पुन ती गहना फिर्ता गर्ने गर्दा रहेछन् । पछि कुनै बेला केही महिलाहरूले त्यहाँबाट लगेका गरगहना फिर्ता नगरेकाले ती महिलाले मेला भर्न जाने महिलाहरूलाई त्यस्ता गरगहना दिन छाडिछन् ।

कानेपोखरी भेगमा बेलाबेलामा मानिसहरूको बस्ति बस्ने र नासिने क्रम चल्यो । यसै क्रममा यो स्थान कुनै बेला विभिन्न राज्यको अधीनमा पर्ने र स्वतन्त्र हुने कार्य चलिरह्यो । कुनै बेला मत्स्यदेश भित्र पर्ने कानेपोखरी लगायतको वरपरको ठूलो स्थानमा धेरै पहिलेदेखि नै मानिसको बसोबास भएको अनुमान छ । मोरङको भेडीयारी, कसेनीको धनपालगढी, हरैंचा र राजघाट सरहनै कानेपोखरी गाउँपालिकाका विभिन्न क्षेत्रमा पनि मानिसहरूको बसोबास थियो । सम्भवत मध्यकालमा कुनै बेला कानेपोखरी भेग पनि राजा धनपालको अधीनमा थियो भन्ने देखिन्छ । मुरेहांगको मोरंग विजयपछि यो स्थान पनि मुरेहांगको अधिनमा पऱ्यो । यसैगरी विजयनारायणले यसलाई विजयपुर राज्यमा पारे भने पछि यो भेग विभिन्न राजा र रजौटाका अधीनमा पर्ने र तिनबाट छुट्कारा पाउने क्रममा नै यस भेगमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरे ।

पाल्पाली सेनको अधीनमा परेको कानेपोखरी लगायतको मोरङ राज्य मकवानपुरको अधिनमा राखिएको थियो । यस भेगको राजा भने लोहांगसेन थिए, जो मकवानपुरमा बसेर शासन गर्दथे । अझ पछि भने मकवानपुरे सेन राजा हरिहरसेनका नाति विधाता इनद्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा कानेपोखरी लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । सेन कालभन्दा अघिनै कसेनीको धनपालगढीलाई किल्ला बनाएर एकजना स्थानीय रजौटाले शासन चलाएका थिए । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेको छ । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले जान्ने गरिन्छ । सम्भवत धनपालको दक्षिणी गढी या सिमाना भने धनपालथान थियो भने कानेपोखरी भेग पनि धनपालको अधीनमा रहेको अनुमान गर्न सकिन्छ । सम्भवतः राजा धनपालको पूर्वी किल्ला बकाहा खोला थियो र कानेपोखरी भेग धनपालको एक महत्वपूर्ण क्षेत्र थियो भन्ने अनुमान छ ।

वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने कानेपोखरी लगायतको विजयपुर भेग पनि बृहत्तर नेपालभित्र पर्न पुग्यो । त्यसपछि केही समयसम्म साँगुरीगढीबाट यस भेगको शासन चल्यो । पछि मोरङको शासन रंगेली सदरमुकामबाट चलाउन लागियो । यता वि.सं. १९७१ साल पछि भने मोरङको राजधानी विराटनगरमा सऱ्यो र कानेपोखरी विराटनगरदेखि केही टाढा पर्न पुग्यो । तर यस भेगको जमिन निकै उर्बर भएको हुनाले यस स्थानमा राज्यको पनि चासो रहीरह्यो ।

कानेपोखरी भेगमा पर्ने कालीकोशी भेगको ऐतिहासिकता पनि निकै पुरानो छ । यस भेगमा सिमसार भएकाले अनेक प्रकारका जलचर र थलचर जीवजन्तु पाइने गर्दथे । स्थानीय धिमालहरूले यसलाई कारीकोशी भन्दथे, जहाँ पानीको ठूलो मूल रहेको र यहाँबाट उम्रिएको पानी निरन्तर रूपमा बगेर जाने हुँदा यसलाई कोशी भनियो । यसैगरी यहाँको माटो कालो भएको हुनाले त्यहाँबाट बग्ने खोला या पानीको स्रोतलाई कालिकोशी भनियो भन्ने अनुमान छ । त्यस स्थानमा सप्तकन्या देवीको पूजाआजा हुने गर्दछ । अहिले कालिकोशी क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न यहाँका मानिसहरू प्रयासरत छन् ।

## नामकरण

कानेपोखरीको नामकरणका बारेमा अनेक प्रकारका तर्कहरू पाइन्छन् । हालको कानेपोखरी गाउँपालिका कानेपोखरी नामक एउटा पोखरीको नामबाट बनेको हो । कानेपोखरीको नामकरणका

बारेमा स्थानीय जनमानसमा प्रचलित एक किंवदन्तीअनुसार अघि विराट राजाका एकजना काने भन्ने गोठालाले गाईलाई पानी खुवाउन बनाएको पोखरी भएकाले यसलाई कानेपोखरी भनिएको बताउने गरिन्छ । यसैगरी यो पोखरी कानको आकारको भएकाले पनि यसलाई कानेपोखरी भनिएको बताइन्छ । यता यो पोखरीमा काने झार प्रशस्तै पाइने हुनाले यसलाई कानेपोखरी भनिएको हो भन्ने अर्को तर्क छ । यता माथि दिइएको किंवदन्तीका आधारमा यस भेगमा बस्ने बृद्ध महिलाले मेला भर्न जाने महिलाहरूलाई कानमा लगाउने गरगहना दिने भएकाले पनि यसलाई कानेपोखरी भनिएको हुनसक्ने अनुमान छ । स्थानीय धिमाल भाषामा बकुल्लालाई काने भनिने तथा यस पोखरी भेगमा बकुल्लाहरू देखा पर्ने हुनाले पनि यसलाई कानेपोखरी भन्ने गरिएको तर्क पाइन्छ । यसरी यस गाउँपालिकामा रहेको पोखरीको नामका आधारमा नै यस गाउँपालिकाको नाम कानेपोखरी राखिएको हो । काने देवता, काने महाराज, काने गोठालो या कानको गहना दिने बूढी मानिस तथा कानको आकारको पोखरी जे भए पनि यो पोखरी यस भेगको एक महत्वपूर्ण स्थान मानिन्छ । तसर्थ यस गाउँपालिकाको नाम पनि काने पोखरी राखिएको हो ।

## अवस्थिति

मोरङको मध्य भागमा पर्ने कानेपोखरी गाउँपालिका नक्सामा हेर्दा सिधा ठाडो करिव आयताकारमा रहेको देखिन्छ । यो गाउँपालिका बयरबन, केरौन र होक्लाबारी गाविसलाई मिलाएर वि.सं. २०७३ सालमा पुनर्संरचना गरिएको हो । कानेपोखरी गाउँपालिका निर्माणका क्रममा साविकको बयरवन, केरौन र होक्लावारीलाई मिलाइएको छ । यसमा निम्नानुसारले वडा विभाजन गरिएको छ ।

| | |
|---|---|
| होक्लाबारी गाविसका वडा नं. १ देखि ९ सम्मलाई | कानेपोखरी गापा वडा नं. १ |
| केरौन गाविसका वडा नं ३, ४ र ६ देखि ९ लाई | कानेपोखरी गापा वडा नं. २ |
| वयरवन  गाविसका वडा नं. १ देखि ५ लाई | कानेपोखरी गापा वडा नं. ३ |
| वयरवन  गाविसका वडा नं. ६ र ७ लाई | कानेपोखरी गापा वडा नं. ४ |
| केरौन गाविसका वडा नं १, २ र ५ लाई | कानेपोखरी गापा वडा नं. ५ |
| वयरवन  गाविसका वडा नं. ८ लाई | कानेपोखरी गापा वडा नं. ६ |
| वयरवन  गाविसका वडा नं. ९ लाई | कानेपोखरी गापा वडा नं. ७ |

मध्य मोरङका यी तीनवटा गाविसलाई मिलाएर कानेपोखरी गाउँपालिका बनाईएको हो । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरू छन् । यस गाउँपालिकाको नाम भने कानेपोखरी नामक पोखरीका आधारमा राखिएको छ ।

## सिमाना

कानेपोखरी मोरंगको मध्य भागमा पर्ने तराईको गाउँपालिका हो । यसको पूर्वमा पथरीशनिश्चरे सुनवर्षी नगरपालिका, दक्षिणमा रंगेली नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका र उत्तरमा लेटांग नगरपालिका पर्दछन् । यस गाउँपालिकाको पूर्व र पश्चिममा मोरंगकै दुईदुईवटा नगरपालिका र उत्तर र दक्षिणतिर एउटाएउटा नगरपालिका पर्ने हुँदा नगरपालिकाहरूका

बीचमा रहेको एउटा मुख्य गाउँपालिका कानेपोखरी हो भन्न सकिन्छ । विभिन्न प्रकारका प्राकृतिक श्रोतहरूले सम्पन्न यो गाउँपालिका तराईका सम्म भूभागमा पर्दछ । चारकोश झाडीको अवशेषका साथमा प्रशस्तै सिमसार र पोखरीहरू रहेको यो गाउँपालिकाको अत्यधिक जसो जमिन अति उर्बर पनि छ । तसर्थ यसलाई मोरंगको अन्नभन्डारका रूपमा पनि लिन सकिन्छ ।

## क्षेत्रफल

कानेपोखरी गाउँपालिकाको सिमाना पूर्वमा पथरी शनिश्चरे तथा सुनवर्षि नगरपालिकासँग जोडिएको छ । चारैतिर विभिन्न नगरपालिकाहरूले घेरेको यस गाउँपालिकाको क्षेत्रफल भने ८२.८३ बकिमी छ । यो गाउँपालिका समुद्र सतहबाट करिव ७५ मिटर उचाईमा रहेको छ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यस गाउँपालिकाभित्र तीनवटा सामुदायिक वनका साथमा एकवटा धार्मिक वन पनि रहेका छन् । तर यस गाउँपालिकाभित्र चारकोशे झाडी पनि पर्दछ । यस गाउँपालिकाको क्षेत्रफल ८२.८३ ब.कि.मी. रहेको छ ।

## भौगोलिक स्वरूप

कानेपोखरी मोरङको बीच भागमा पर्ने गाउँपालिका हो । चारैतिरबाट नगरपालिकाहरूले घेरेको यो गाउँपालिकाको उत्तरी भागबाट पूर्वपश्चिम लोकमार्ग गएको छ । यता कानेपोखरीदेखि रंगेलीसम्म पनि मोटरबाटो छ, जुन हाल ग्राभेल गरिएको छ भने त्यसलाई कालोपत्र गर्ने प्रयास भईरहेको देखिन्छ । यो गाउँपालिकाको सवै भूभाग सम्म तराई प्रदेशमा पर्दछ । तर पनि यसको उत्तरतिर चारकोशे झाडीमा भने अहिले पनि थुम्काथुम्की र सिमसार रहेका छन् । तर यसको ढाल दक्षिणतिर फर्किएको हुनाले यहाँका खोलानाला दक्षिणतिर बग्ने गर्दछन् । यो गाउँपालिकामा वनजंगल निकै धेरै छ भने यहाँ सिमसार र पानीका मूल पनि अनगिन्ति छन् ।

## स्थानीय चार्डपर्व तथा जात्रा र मेलाहरूको विवरण

चाडपर्वहरू मानिसको संस्कृतिसँग सम्बन्धित छन् । यिनीहरूको परम्परा निकै लामो हुने गर्दछ । चाडपर्व जाति विशेष र धर्मविशेष पनि हुने गर्दछन् । तसर्थ कुनै पनि जाति र धर्मको परिचय चाडपर्वले नै दिने गर्दछन् । जस्तो धार्मिक रूपमा साकेला र चण्डी आदि किरात धर्म, इद र बकिद इश्लाम धर्म तथा ल्होसर लामा बौद्धधर्मसँग सम्बन्धित छन् । यसैगरी दशैं, तिहार, कृष्णअष्टमी, चैतेदशैं, शिवरात्री र फगुवा आदि हिन्दू धर्मसँग सम्बन्धित छन् । यता विभिन्न धर्मका मानिसले मान्ने चाडपर्व अन्य धर्मका अनुयायीले पनि मान्ने गर्दछन् ।

चाडपर्व र मेला तथा जात्राहरू धार्मिकमात्र नभएर जातिय पनि हुने गर्दछन् । जस्तो लाखेजात्रा, गाईजात्रा, घोडेजात्रा र इन्द्रजात्रा आदि काठमाडौं उपत्यकाका नेवारहरूसँग सम्बन्धित पर्व र जात्राहरू हुन् । यसैगरी जनै पूर्णिमा तागाधारी ब्राह्मणक्षेत्रीसँग, चण्डी पूर्णिमा तथा चण्डीनाच किरातहरूसँग तथा ग्रामथानपूजा र सिरूवा मेला तराईका आदिवासी जनजातिसँग सम्बन्धित छन् । यस्ता जात्रा, पर्व र उत्सवले विभिन्न जातजातिको चिनारी पनि गराउने गरेका छन् ।

हामीले सालभर मनाउने चाडपर्वहरू हाम्रा पुर्खाले सुरू गरेका हुन् । त्यसपछि तिनीहरू पुस्तौंपुस्ता मनाइंदै आएका छन् । तसर्थ तिनीहरू कसले र कहिले सुरू गरे भन्ने कुरा खोजकै विषय बनेको छ । तर पनि यस्ता पर्वले हाम्रो चिनारी गराएका छन् । यिनीहरूको सामाजिक र सांस्कृतिक महत्वका हुन्छन् भने मनोरन्जन, आत्मशुद्धि तथा आपसी सद्भावका माध्यम मानिन्छन् । जस्तो दशैं

लगायतका ठूला पर्वका अवशरमा मानिसहरू आफूभन्दा ठूलोको घरमा गएर टीका लगाउने तथा आशिर्वाद लिने गर्दछन् । यता यस्ता कैयन् पर्वहरू पनि छन्, जस अवशरमा शुभकामना आदानप्रदान गर्ने, आफन्तहरूसँग भेटघाट गर्ने, देवीदेवताको पूजाआजा गर्ने तथा हर्ष मनाउने गरिन्छ । चाडपर्व र उत्सवहरू राम्रा मीठा खाना खाने र खुशियाली मनाउने कार्यसँग पनि निकट छन् ।

मोरङको कानेपोखरी गाउँपालिकामा अनेक प्रकारका मेला र चाडपर्व मनाउने चलन छ । विशेषगरी यहाँका आदिवासीहरूले ग्रामथानमा पूजाआजा गर्दछन् । यहाँ ग्रामथानहरूमा वैशाख महिनामा पूजाआजा हुने गरेको छ भने जेठ आषाढमा आषाढे पूजा हुने गरेको छ । यस बाहेक यहाँका मानिहरूले दुर्गापूजा, दिपावली, माघी, सकात, जितिया र छैट पर्व मनाउने गर्दछन् । यहाँ अलग्ग प्रकारका मेलाहरू लाग्ने चलन भने छैन । यहाँका शिवालयहरूमा श्रावण महिनाभर पानी चढाउने मानिसहरूको भीडभाड लाग्ने गरेको छ ।

**तालिका नं. १**

**स्थानीय चाडपर्व, जात्रा र मेलाहरू**

| कस | चाडपर्व | जात्रा | मेलाहरूका नाम | मनाउने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|---|---|
| 1 | | | कालीथान मेला | वैशाख छ गते | | स्थानीय आदिवासी |
| 2 | | | धुरधुरा मेला | वैशाख ३ गते | | तराई आदिवासी |
| 3 | | | दलेली धान मेला | वैशाख ४ गते | | तराई आदिवासी |
| 4 | | | ढंगढंगे मेला | जेष्ठ १६ गते | | सवै समुदाय |
| 5 | | संथाल मेला, चण्डीपूर्णिमा सोराही | | जेष्ठ र आषाढका विभिन्न अवशरहरू | | आदिवासी |
| | | कालिकोशी मकरमेला | | माघ १ गते | | तराई आदिवासी |
| | | माघी, सिरूवा र दहीधाप मेला | | विभिन्न तिथि र अवशरहरू | | तराई आदिवासी |
| | दशैं, तिहार, चैतेदशैं, तीज, शिवरात्री, कृष्णजन्माष्टमी, बुद्धजयन्ति, ल्होसार आदि | | | | | विभिन्न जातजाति |

**श्रोतः कानेपोखरी गाउँपालिका ।**

## पर्यटकीय स्थलहरूको विवरण

पर्यटन यात्रासँग सम्बन्धित विषय हो । अघि मानिसहरू व्यापार र तीर्थ यात्राका क्रममा एक ठाउँबाट अर्को ठाउँको यात्रा गर्ने गर्दथे । पछि यात्रालाई पनि व्यावसायीकरण गरियो र यसैलाई पर्यटनका रूपमा लिन लागियो । यसलाई एक महत्वपूर्ण आर्थिक गतिविधिको माध्यम पनि मान्न लागिएको पाइन्छ । यसले गर्दा पर्यटन शब्दको अर्थ पनि बृहत्तर हुँदै गयो । पर्यटनलाई महत्वपूर्ण आर्थिक गतिविधिको माध्यम तथा व्यवसायका रूपमा लिन लागेपछि यसलाई मनोरञ्जनका लागि र धर्म गर्न घुम्ने अर्थमा लिन लागियो । यात्रालाई व्यवसायीकरण गरिएपछि यसले उद्योगको रूप लिने लागेको हो । तसर्थ हाल आएर पर्यटनलाई एक प्रकारको उद्योग मानिन्छ ।

पर्यटन के हो भन्ने सबालमा कुनै विदेशीका कृयाकलाप, जुन कुनै निश्चित देस, क्षेत्र र शहरभित्र पस्ने, रहने र हिंडडुल गर्ने कार्यका साथै आर्थिक गतिविधिसँग सम्वन्धित विषयवस्तुलाई पर्यटन भन्ने गरिएको छ । यहाँ यात्रा गर्ने व्यक्तिलाई विदेशी भनिएको छ, तर कुनै व्यक्ति आफ्नै देशभित्र यात्रा गर्दछ भने ऊ पनि पर्यटक मानिन्छ । यसको मतलव कुनै पनि यात्रीको अर्को देशको यात्रामात्र पर्यटन हो भन्ने मान्यता रहँदैन । आफ्नै देशभित्रका विभिन्न स्थानहरूको यात्रा गर्ने व्यक्ति पनि पर्यटक मानिन्छ । तर उसबाट आर्थिक गतिविधि भएको या यात्राका शिलशिलामा केही रकम खर्च गरेको हुनुपर्दछ । यता पर्यटन आर्थिक पक्षसँग गाँसिएको विषयवस्तु रहेकाले यात्रा गर्ने व्यक्तिले यात्राका क्रममा पैसा खर्च गरेन भने त्यसलाई पर्यटक मान्न सकिंदैन । यसरी पर्यटन र पर्यटक आन्तरिक र बाह्य दुवै प्रकारका हुन्छन् । आफ्नै देसमा घुमफिर गर्ने पर्यटक आन्तरिक र अर्को देसको भ्रमण गर्ने भने बाह्य पर्यटक हुने गर्दछन् ।

पर्यटनको कार्य देसभित्र विदेशी मुद्रा भित्र्याउनु पनि हो । यसबाट ज्यादा फाइदा होटल व्यवसायीलाई हुन्छ भने यसले देसको अर्थव्यवस्थाका विविध पक्षमा प्रभाव पारिरहेको हुन्छ । यसरी पर्यटन विशुद्ध रूपमा आर्थिक गतिविधिसँग जोडिएको हुन्छ । पर्यटनलाई आर्थिक गतिविधि र कुनै पनि मुलुकको आर्थिक उन्नयनको माध्यमा मानिएको छ । यसबाट आन्तरिक रूपमा आर्थिक गतिविधि तिब्र हुन्छ भने बाह्य पर्यटकबाट विदेशी मुद्रसमेत प्राप्त गर्न सकिन्छ । तर पनि यहाँ विदेशी पर्यटकलाई मात्र महत्व दिन भने सकिंदैन । आन्तरिक र बाह्य पर्यटक दुवैको पर्यटनमा समान महत्व रहने गर्दछ । समय विताउन र व्यापार व्यवसायका लागि कम्तिमा २४ घन्टाका लागि अर्को मुलुकको भ्रमणमा जाने पर्यटकलाई भने अन्तर्राष्ट्रिय पर्यटक भन्ने गरिन्छ । वास्तवमा कुनै पनि व्यक्ति पर्यटक हुनका लागि कम्तिमा पनि २४ घन्टा या एक रात अर्को स्थानमा बसेकै हुन आवश्यक छ । यस अर्थमा विहान कुनै ठाउँमा गएर बेलुका आफ्नै घरमा फिर्नुलाई पर्यटन मान्न सकिंदैन । तसर्थ पर्यटन फुर्सदको घुमाई (leasure travel) सँग सम्बन्धित छ, जुन मनोरञ्जन, भेटघाट, तीर्थयात्रा, भेला, मिटिङ्ग तथा सभासम्मेलनमा भाग लिने जुनसुकै प्रयोजनसँग पनि सम्वन्धित रहन सक्तछ ।

घुम्ने (tourist) र स्वागतकर्ता (host) दुवै पक्षको आवश्यकता पर्यटनका लागि पर्दछ । यस सन्दर्भमा यात्रिलाई पाहुना (guest) र स्थानीयलाई स्वागतकर्ता (host) भनिन्छ । पाहुनाले आफू नयाँ ठाउँ मा गएर स्थानीयबाट सेवा लिन्छ र स्वागतकर्ताले सेवा वापत यात्रिसँग मूल्य लिने गर्दछ । यसबाट आर्थिक गतिविधि समेत हुने भएकाले पर्यटनलाई उद्योगका रूपमा लिने गरिएको हो । यसैगरी आफूलाई चाहिने सबै सामाग्रीहरू जस्तो खाने, सुत्ने र अन्य आवश्यक वस्तु आफैं बोकेर हिंड्नु पर्यटन नभएर यात्रामात्र हो । तसर्थ आरामले छुट्टि बिताउन, मनोरञ्जन गर्न, उपचार गर्न, तीर्थयात्रा गर्न, व्यापारव्यवसाय गर्न र आफन्तसँग भेटघाट गर्न गरिने यात्रा पर्यटन हो र त्यसरी घुम्ने व्यक्तिलाई पर्यटक भनिन्छ । मानिसहरूको अस्थायी यात्राबाट पर्यटनको प्रादुर्भाव हुने गर्दछ । तसर्थ बसाई सर्नु, नोकरी र अध्ययन गर्न घरबाहिर बस्नु र धर्मशाला या आफन्तको घरमा निशुल्क खानपिन गरी बस्नुजस्ता कार्यलाई पर्यटन मान्न सकिंदैन । यसका लागि स्वागतकर्ता र पाहुना

दुवैको अस्तित्व आवश्यक छ र स्वागतकर्ताले सेवा दिएवापत सेवाशुल्क पाउने अवस्थामा सिर्जना हुन आवश्यक हुने गर्दछ ।

कुनै पनि स्थानको पर्यटन विकासका लागि त्यस स्थानमा पर्यटकहरूले घुमफिर गर्ने गर्नु पर्दछ । पर्यटक उनीहरूका चासोका विषयवस्तु हेर्न तथा तिनीहरूका बारेमा जानकारी लिनका लागि कुनै पनि स्थानको भ्रमण गर्ने गर्दछन् । तसर्थ पर्यटनका लागि  त्यस्ता स्थानका तान्ने तत्व (pull factor) ले प्रभाव पारेको हुन्छ । पर्यटकहरूले टेलिभिजन, रेडियो, अन्य माध्यमका विज्ञापन, ट्राभल एजेन्सीहरू, होटल, गाइडबुक, लेखरचना, क्लब, आफन्त, साथिभाई र यातायात कम्पनिका माध्यमबाट त्यस्ता ठाउँका बारेमा जानकारी पाउने र तिनीहरूको भ्रमणका गर्ने गर्दछन् । विशेषगरी जङ्गलसम्बन्धी, जमिनको सतहमा पाइने र मानव सभ्यतासँग सम्बन्धित श्रोतहरू पर्यटकका लागि तान्ने तत्व (pull factors) हुने गर्दछन् । ताल, नदी, हिउँ, गल्छी, पहाड, उपत्यका, बेंसी, फाँट, मानवका स्थानीय चाडपर्व, उत्सव, लोकगीत, हस्तकला, शीप, परम्परा, भेषभूषा, म्यूजियम, स्मारक, धार्मिक स्थल, युद्ध र खेल उत्सव, सिनेमा, बार र रेस्टुरेन्टजस्ता जुनसुकै तत्वहरू पनि पर्यटकका तान्ने तत्व हुन सक्तछन् । यसका साथै मेला, प्रदर्शनि, सम्मेलन र किनमेल गर्ने स्थानहरू समेत पर्यटकलाई तान्ने तत्व हुने देखिन्छन् । कुनै पनि स्थानका मानिसहरूको अतिथि सत्कार परम्परा, शान्ति सुरक्षाको अवस्था र अन्य परिस्थितिले समेत पर्यटकहरूलाई तान्ने गर्दछ ।

मुख्य रूपमा पर्यटन आन्तरिक र बाह्य गरी जम्मा २ प्रकारको हुन्छ । एउटै देसभित्र एक ठाउँबाट अर्को ठाउँमा जाने या यात्रा गर्ने कार्य आन्तरिक पर्यटन हो भने एक देसबाट अर्को देसमा आउने तथा जाने कार्य बाह्य या अन्तर्राष्ट्रिय पर्यटन हो । वर्तमान सयमा पर्यटनको क्षेत्र अति व्यापक छ । जुनसुकै कृयाकलापका लागि जस्तोसुकै स्थानमा पनि पर्यटकहरू पुग्दछन् । पर्यटनका लागि कुनै भौगोलिक सिमा हुँदैन । ध्रुबिय क्षेत्र, मानवको बसोबास भएको क्षेत्र, मानवरहित मरूभूमि र जङ्गल जहाँसुकै पनि पर्यटन हुन सक्तछ । पर्यटकहरू हिमाल, पहाड, तराई र उपत्यकाका बीचमा पनि विभेद गर्दैनन् । यसैगरी तालतलैया, नदी, पोखरी, झरना, चट्टान, वनस्पति, जिवजन्तु र चराचुरूङ्गी पनि पर्यटकलाई आकर्शण गर्ने विषयवस्तु मानिन्छन् ।

पर्यटकको चाहना र उसको घुमफिर गर्ने उद्देश्यअनुसार पर्यटन विभिन्न प्रकारका हुन्छन् । पर्यटकहरू विविध गतिविधिहरू जस्तो मनोरञ्जन गर्न, आराम गर्न, खेलकुद गर्न तथा औषधोपचार गर्न एक ठाउँबाट अर्को ठाउँको भ्रमणमा निस्कन सक्तछन् । यसै गरी नातेदार, आफन्त, साथीभाई र कामको सिलशिलाका अन्य व्यक्तिहरूसँग भेटघाट गर्ने मनसायबाट पनि मानिसहरू घर छाडेर यात्रा गर्ने गर्दछन् । यस्तो यात्रा उत्प्रेरणालाई अन्तरव्यक्ति उत्प्रेरक समूहमा राख्न सकिन्छ । यता इज्जत र प्रतिष्ठाका लागि, व्यापार गर्न, ज्ञान हाशिल गर्न र सभा सम्मेलनमा भाग लिनका लागिसमेत मानिसले विभिन्न स्थलहरूको भ्रमण गर्दछ । तसर्थ पर्यटन पनि विभिन्न प्रकारको हुने गर्दछ । पर्यटन र पर्यटकलाई नयाँ ठाउँको खोजी गर्ने (explorer), स्थानीय मानिसको घरमा गएर बस्ने (elite), छुट्टिको समयमा कतै अलग्गै स्थानमा गएर बस्ने (off beat), अनौठा उद्देश्य लिएर भ्रमणमा निस्किएका (unusual), समूहमा हिंड्न रूचाउने (incipient mass), प्याकेज टुरका रूपमा निस्कने (mass) र आराम र मनोरञ्जनका लागि सामुहिक यात्रा गर्ने (charter) गरी विभिन्न भागमा वर्गिकरण गर्न सकिन्छ । यहाँ वर्णित प्रकारका साथमा पर्यटक र पर्यटनलाई  मुख्य रूपमा निम्नानुसारले वर्गिकरण गर्न सकिन्छ ।

सहासी कार्य गर्न हिंड्ने पर्यटकलाई सहासिक पर्यटक र त्यसबाट सृजना हुने पर्यटनलाई सहासिक पर्यटन भनिन्छ । हिमाल चढ्ने (पर्वतारोहण), चट्टानहरूमा चढ्ने (रक क्लाइम्बिङ्ग), अग्लो झोलुङ्गे पूलबाट फलान्ने (बङ्गिजम्पिङ्ग), बेगिलो पानीमा नाउः खियाउने (ऱ्याफ्टिङ्ग), बृलुनमा बसेर उड्ने (बेलुनिङ्ग) र अन्य प्रकारका त्यस्तै जोखिमी कार्य गर्न हिंड्ने कार्यहरू सहासिक पर्यटनसँग

सम्बन्धित विषयवस्तु हुन् । नेपालका हिमाली र पहाडी प्रदेशमा यस्ता सहासिक कृयाकलाप गर्नका लागि सालिन्दा हजारौं पर्यटकहरू यस भेगको यात्राका लागि आउने गर्दछन् ।

युद्ध, ठूला दुर्घटना, प्राकृतिक प्रकोप जस्तो हुरी, सामुद्रिक आँधी, भूकम्प र बाढी पहिरो आदिले ठूलो धनजनको क्षति भएको स्थानमा भ्रमण गर्ने पर्यटक कालो पर्यटक हुन् भने त्यसबाट सिर्जना हुने पर्यटनलाई कालो पर्यटन भनिन्छ । यस्तो विषयवस्तु हेर्न रूचाउने पर्यटकहरू त्यस्तो स्थानका भ्रमणमा जान रूचाउँछन् । पर्यटक अआफ्नो चाखअनुसारका विषयवस्तुका बारेमा जानकारी पाउन हिंडडुल गर्ने भएकाले कालो पर्यटनमा पनि पर्यटकहरूको चासो रहेको हुने गर्दछ । जस्तो दक्षिण पूर्वी एसियामा आएको सुनामीका कारणले भएको धनजनको क्षति हेर्न र त्यसका बारेमा जानकारी लिनका लागि हजारौं पर्यटकहरू त्यस भेगको भ्रमणमा आएको उदाहरण पाउन सकिन्छ ।

मनोरञ्जन गर्न या आनन्दका लागि घुमफिर गर्ने पर्यटकलाई मनोरञ्जन पर्यटक भनिन्छ । यस्तो पर्यटनमा पर्यटकहरू नयाँनयाँ विषयवस्तु हेरेर रमाउने गर्दछन् । यस्तो प्रकारको पर्यटनमा पर्यटक आनन्दका लागि घर छाडेर अन्यत्र जाने तथा घुमफिर गर्ने गर्दछ । उसमा अरू उद्देश्यहरू भने गौण रहेका हुन्छन् । त्यसका बदलामा उसमा के मा आनन्द लिने भन्ने कुराचाहिं चाखको विषयवस्तु हुने गर्दछ । पुरानो सभ्यताका केन्द्रविन्दु हेरेर मनोरञ्जन गर्ने, जातिय सांस्कृतिक गतिविधि, अनौठा भौगोलिक र प्राकृतिक दृश्य, हिमाल, ताल, नदी, झरना, जिवजन्तु र प्राकृतिक वनस्पति लगायतका वस्तुहरू उसका मनोरञ्जन लिने माध्यम हुन सक्तछन् ।

काममा व्यस्त मानिसहरू केही समयका लागि आराम गर्न तथा आमोदप्रमोदका लागि कतै यात्रा गर्न हिंड्ने गर्दछ भने त्यस्तो यात्रालाई आमोदप्रमोद या आराम पर्यटन भनिन्छ । सामान्यतया सालैभर काममा व्यस्त रहने मानिसहरू यस्तो प्रकारको यात्रामा हिंड्न रूचाउने गर्दछन् । यसबाट उनीहरूमा आनन्द र आमोदप्रमोदको अनुभूति हुने गर्दछ । विशेष गरी तीर्थयात्रा र सांस्कृतिक विषयवस्तुको अवलोकनमा यस्ता पर्यटकहरूको चासो रहेको हुन्छ । आमोदप्रमोद पर्यटकहरू साहसिक पर्यटनमा कम चासो राख्ने गर्दछन् ।

सांस्कृतिक पर्यटन विभिन्न सांस्कृतिक र ऐतिहासिक स्थलहरूको यात्रासँग सम्बन्धित छ । मानिसहरू विभिन्न समुदाय र धार्मिक सम्प्रदायका गतिविधि, चालचलन, भाषा, धर्म, रहनसहन र भेषभूषा, हेर्न, जान्न र बुझ्नका लागि विभिन्न समुदायका मानिसहरू बसोवास गरेका क्षेत्रहरूको यात्रामा निस्कने गर्दछन् । ऐतिहासिक र पुरातात्विक स्थलहरूको भ्रमण पनि यसैसँग सम्बन्धित छ । यस्तो यात्रा या पर्यटनमा मनोरञ्जनका साथसाथै अर्को संस्कृतिका बारेमा केही कुरा सिक्ने र बुझ्ने मनसाय राखिएको हुन्छ ।

व्यापार व्यवसायमा र उद्योगधन्धाका सिलसिलामा गरिने यात्रा व्यवसायिक पर्यटन हो । व्यवसायिक सभासम्मेलनमा भाग लिन तथा व्यवसाय नै सञ्चालन गर्न या व्यवसाय विस्तार गर्न पनि यात्रिहरू विभिन्न स्थानहरूको भ्रमणमा निस्कने गर्दछन् । तसर्थ यस्तो पर्यटन व्यापार व्यवसायको विस्तारसँग सम्बन्धित हुन्छ । यसरी व्यापार व्यवसाय सञ्चालन गर्ने शिलशिलामा पनि पर्यटनको प्रादुर्भाव हुने गर्दछ ।

धार्मिक उद्देश्यबाट तीर्थयात्रा गर्न गरिने यात्रा तीर्थयात्रा पर्यटन हो । सालिन्दा लाखौंको सङ्ख्यामा मानिसहरू तीर्थयात्रा पर्यटनमा निस्कने गर्दछन् । हिन्दूहरू विशेष गरी काशी, गया, हरिद्वार, प्रयाग, बराहक्षेत्र, मुक्तिक्षेत्र, गोसाइकुण्ड र कैलास लगायतका नेपाल र भारतका हिन्दू तीर्थहरूको भ्रमणमा निस्कने गर्दछन् भने मुश्लिमहरू मक्कामदिना, क्रिश्चियनहरू जेरूसेलम र बुद्धिष्टहरू लुम्बिनी र कपिलवस्तुको तीर्थयात्रा गर्न जाने गर्दछन् । यी स्थानहरूमा गरिने पर्यटन विशुद्ध धार्मिक कृयाकलापसँग सम्बन्धित हुने हुनाले यस्तो पर्यटन तीर्थयात्रा पर्यटन हो । विश्वभरमा

नै अन्य पर्यटनका तुलनामा तीर्थयात्रा गर्ने व्यक्तिहरूको सङ्ख्या ज्यादा हुने भएकाले तीर्थयात्रा पर्यटन ज्यादा फस्टाएको पाइन्छ ।

खेलकुद हेरेर रमाउने तथा खेलकुद रूचाउने मानिसहरू संसारका विभिन्न भागहरूमा संचालन गरिने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्पर्द्धाहरूमा पुग्ने गर्दछन् । विशेष गरी खेलाडीहरू त्यस्ता प्रतिष्पर्द्धामा भाग लिन तथा अन्य व्यक्तिहरू अरूले खेलेका खेलकुद हेरेर रमाउन तथा मनोरञ्जन गर्न त्यस्ता स्थलहरूको यात्रा गर्ने गर्दछन् । विश्वकप फूटबल र क्रिकेट लगायत ओलम्पिक खेलहरू तथा क्षेत्रीय, अन्तर्राष्ट्रिय र राष्ट्रिय खेलकुद सम्पन्न गरिने स्थानमा खेलकुद पर्यटकहरू भ्रमण गर्दछन् र त्यस्ता खेलहरू खेलेर तथा अरूले खेलेको हेरेर रमाउने गर्दछन् । हाल आएर खेलकुद विश्वभर नै प्रतिष्पर्द्धात्मक रूपमा खेलिने गरेको छ र त्यस्ता प्रतिष्पर्द्धा हेर्न तथा त्यसबाट रमाउन बर्सेनि लाखौं मानिसहरू प्रतिष्पर्द्धा हुने स्थानहरूको भ्रमणमा निस्कने गर्दछन् । यसैबाट खेलकुद पर्यटन फस्टाएको छ ।

मानिसहरू बेलाबेलामा स्वास्थ्य परीक्षण गराउन तथा औषधोपचार गर्ने उद्देश्यले पनि विभिन्न ठाउँहरूको भ्रमणमा जाने गर्दछन् । यस्तो पर्यटनलाई औषधोपचार पर्यटन भनिन्छ । सामान्यतया कम सुविधा भएका ठाउँबाट औषधोपचारका लागि बढी सुविधा भएका स्थानतिर मानिसहरू जाने र स्वास्थ्य परीक्षण तथा औषधोपचार गराउने गर्दछन् । यसरी औषधोपचार पर्यटनको विकास भने ठूला शहर र ख्यातिप्राप्त अस्पताल तथा चिकित्सकहरू रहेको ठाउँमा हुने गरेको छ । औषधोपचार पर्यटनको आधार सेवामा लाग्ने खर्च र समयले पनि निर्धारण गरेको हुन्छ । कम खर्च र समयमा स्तरीय औषधोपचार सुविधा भएका मुलुकहरूमा यस्तो पर्यटन फस्टाउने गरेको हुन्छ ।

| 25-29 | 470 | 2286 | 18 | 22 | 12 | 9 | 6 | 2823 |
| 30-34 | 207 | 2184 | 34 | 45 | 13 | 7 | 10 | 2500 |
| 35-39 | 98 | 2025 | 31 | 65 | 33 | 7 | 5 | 2264 |
| 40-44 | 44 | 1925 | 37 | 71 | 53 | 9 | 8 | 2147 |
| 45-49 | 26 | 1680 | 41 | 83 | 38 | 11 | 13 | 1892 |
| 50-54 | 27 | 1572 | 53 | 110 | 82 | 3 | 7 | 1854 |
| 55-59 | 11 | 1310 | 45 | 77 | 95 | 3 | 11 | 1552 |
| 60-44 | 18 | 1079 | 53 | 99 | 156 | 7 | 5 | 1417 |
| 65-69 | 10 | 749 | 44 | 77 | 171 | 0 | 2 | 1053 |
| 70+ | 18 | 933 | 70 | 141 | 387 | 3 | 3 | 1555 |
| जम्मा | 10531 | 17902 | 430 | 800 | 1044 | 63 | 73 | 30843 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार मोरङको कानेपोखरी गाउँपालिकाका विवाह नभएको मानिसहरू सवै उमेर मा रहेका छन् । यसमा सवैभन्दा ज्यादा संख्यामा विवाह नभएका १० देखि १४ वर्ष बीचका ४५९४ जना छन् । त्यस माथिका उमेर मा विवाह नभएका मानिसको संख्या घट्तो अवस्थामा छ । यस गाउँपालिकामा एक विवाह गर्ने १७९०२ जना, बहुविवाह गर्ने ४३० जना र पुनर्विवाह गर्ने ८०० जना रहेका देखिन्छन् । यस गाउँपालिकाका विधुर र विदवा १०४४ जना तथा पारपाचुके ६३ जना छन् ।

मोरङको कानेपोखरी गाउँपालिकामा मानिसहरूको विवाह विविध उमेरमा भएको पाइन्छ । यस गाउँपालिकाका पहिलो विवाह हुँदा पुरूषको औषत उमेर २२.२५ वर्ष र महिला भने १८.१९

वर्ष रहेको देखिन्छ । तर वडाअनुसार यहाँको विवाह हुँदाको उमेर फरक फरक रहेको छ । यसलाई तलको तालिकामा पनि दिइएको छ ।

**तालिका नं. १५**
**पहिलो विवाह गर्दाको औषत उमेर (दश वर्ष माथिका विवाहिता)**

| सि. नं. | लिङ्ग | विवाह हुदाँको औषत उमेर |
|---|---|---|
| 1 | पुरूष | 22.25 |
| 2 | महिला | 18.19 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकामा जनगणना भएको साल विवाह हुने पुरूष र महिलामा उमेर विविध रहेको पाइएको छ । यस गाउँपालिकामा औषत २२.२५ देखि १८.१९ वर्षको उमेरका बीचमा विवाह हुने गरेको देखिन्छ । यसमा वडा अनुसार भने केही भिन्नता पनि रहेको पाइएको छ । यस गाउँपालिकामा औषतमा पुरूषको केही ढिलो र महिलाको केही छिटो या कम उमेरमा विवाह हुने गरेको पाइन्छ ।

## असक्तता

हाम्रा सामु रहने गरेका विभिन्न प्रकारका समस्यामा अशक्तता पनि प्रमुख छ । अशक्त नागरिकलाई सुरक्षा गर्ने जिम्मा सरकारको हुने गर्दछ । कानेपोखरी गाउँपालिकामा शारीरिक तथा मानसिक रूपमा अशक्त मानिसहरूको संख्या ८५२ जना रहेको छ । यसमा महिलाको संख्या ४१३ र पुरूषको संख्या ४३९ जना रहेको छ, जुन संख्या कुल जनसङ्ख्याको तुलनामा खासै ठूलोचाहिं होइन । जुनसुकै परिवार वा समाजमा यस्तो जनसङ्ख्या जति बढी हुन्छ त्यति नै पारिवारिक तथा आर्थिक व्ययभार बढेर जान्छ । तर यिनीहरू भित्र लुकेर रहेको प्रतिभा, क्षमता र शीपको अभिबृद्धि गर्न सकेमा तिनीहरू पनि महत्वपूर्ण कार्य गर्न तथा राष्ट्रनिर्माणमा सहभागी हुन सक्तछन् । यस गाउँपालिकाको अशक्ततासम्बन्धी विवरण तलको तालिकामा दिएको छ ।

**तालिका नं. १९**
**शारिरिक/मानसिक अशक्तताको विवरण**

| सि.नं. | शारिरिक तथा मानसिक अवस्था | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| 1 | शारीरिक | 151 | 128 | 279 |
| 2 | दृष्टि सम्वन्धी | 80 | 92 | 172 |
| 3 | स्वर बोलाई सम्वन्धी | 60 | 63 | 123 |
| 4 | सुनाई तथा दृष्टि सम्वन्धी | 9 | 7 | 16 |
| ५ | बोलाई सम्वन्धी | 61 | 32 | 93 |
| ६ | मानसिक | 27 | 30 | 57 |
| ७ | अन्य | 51 | 61 | 112 |
| जम्मा | | 439 | 413 | 852 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा यस गाउँपालिकाका अशक्तताको किसिम तथा तिनीहरूको संख्या देखाइएको छ, जसमा यस गाउँपालिकामा अनेक प्रकारको अशक्तता भएका मानिसहरू रहेका देखिन्छन् । यहाँ सवैभन्दा ज्यादा शारीरिक अशक्त २७९ जना, त्यसपछि दृष्टिसम्बन्धी १७२ जना र स्वर बोलाईसम्बन्धी १२३ जना छन् । अशक्तताको सवालमा सवैभन्दा कम भने श्रवण र दृष्टि विहिन १६ जना छन् । त्यसपछि कम संख्या भएको अशक्तता मानसिक हो, जुन संख्या ५७ जना रहेको देखिन्छ । लिंगगत रूपमा भने महिला अशक्त ४१३ जना र पुरूष अशक्त ४३९ जना छन् । यसबाहेक विभिन्न प्रकारका अशक्ततामा कुनैमा पुरूषको र अन्यमा भने महिलाको संख्या ज्यादा रहेको देखिन्छ । यसलाई तलको लेखाचित्रमा पनि प्रतिशतमा देखाइएको छ ।



# खण्ड दुई
# घरायसी तथा पारिवारिक विवरण

## घरको स्वामित्व र किसिम

घरायसी विवरण घरपरिवारसँग सम्बन्धित हुने गर्दछ । सुविधासम्पन्न घरमा बस्ने मानिस स्वाथ्यका दृष्टिकोणबाट केही स्वस्थ्य हुने गर्दछ । अव्यवस्थित घरमा बस्नाले अनेक प्रकारका रोगव्याधिको सामना गर्नुपर्दछ । जस्तो घरमा पशुहरू बाँध्ने र शौचालय निर्माण गर्ने ठाउँ निश्चित भएमा यसले पारिवारिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दछ । मोरङको कानेपोखरी गाउँपालिकामा मानिसहरूका घरहरू विभिन्न प्रकारका स्वामित्व भएका छन् । यहाँका कतिपय घरहरू आफ्ना नीजि छन् भने अन्य कतिपय भाडाका घर पनि छन् । यस गाउँपालिकामा संस्थाका र अन्य प्रकारका घर गरी जम्मा चार प्रकारका स्वामित्वमा रहेका घरहरू देखिन्छन् । यस गाउँपालिकामा सवैभन्दा ज्यादा घर आफ्नै स्वामित्वका छन् । तिनीहरूको संख्या ८१८५ छ । यता भाडाका, संस्थागत र अन्य प्रकारको स्वामित्वका घरहरूको संख्या भने क्रमिक रूपमा २१४, १० र २७४ वटा छन् । यसलाई तलको तालिकामा पनि दिइएको छ ।

**तालिका नं. १**
**वडा अनुसार घर परिवारले प्रयोग गरेको घरको स्वामित्व**

| वडा नं. | घरको स्वामित्व | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आफ्नै | भाडाका | संस्थागत | अन्य | |
| 1 | 1094 | 14 | 1 | 12 | 1121 |
| 2 | 1325 | 13 | 1 | 29 | 1368 |
| 3 | 1133 | 16 | 3 | 22 | 1174 |
| 4 | 1086 | 35 | 1 | 52 | 1174 |
| 5 | 1478 | 21 | 0 | 59 | 1558 |
| 6 | 1242 | 54 | 2 | 42 | 1340 |
| 7 | 827 | 61 | 2 | 58 | 948 |
| जम्मा | 8185 | 214 | 10 | 274 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइएअनुसार यस गाउँपालिकाका घरहरू निजी, भाडाका, संस्थागत र अन्य गरी जम्मा चार प्रकारका छन् । यिनमा निजी घर परिवारको संख्या सवैभन्दा धेरै ८१८५ वटा छन् भने सवैभन्दा कम घर संस्थागत १० परिवारका छन् । यता भाडामा रहेका घरको संख्या भने २१४ छन् । यस गाउँपालिकाका २७४ वटा घरचाहिं अन्य वर्गका छन् । यस गाउँपालिकाका वडा नं. ५ मा संस्थागत घरहरू रहेका छैनन् । अन्य वडामा भने सवै प्रकारका घरहरू रहेका छन् । भाडाका घर सवैभन्दा धेरै भएको वडा नं ७ हो, जहाँ ६१ वटा घरहरू भाडामा लगाइएका छन् । संस्थागत घरहरू भने सवैभन्दा ज्यादा वडा नं. ३ मा ३ वटा छन् । वडा नं. २ मा भाडाका घर १३ वटामात्र र संस्थागत घर भने १ वटा छन् । अन्य प्रकारका घरभने सवैभन्दा धेरै वडा नं ५ मा ५९ वटा छन् ।

## तालिका नं. २
## वडा अनुसार घर परिवारले प्रयोग गरेको घरको जगको प्रकार

| वडा नं. | घरको स्वामित्व | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | माटो तथा इटा ढुंगा | सिमेन्ट र ढुंगा इटा | सिमेन्ट पिलर | काठको खम्बा | अन्य | |
| 1 | 9 | 39 | 83 | 727 | 263 | 1121 |
| 2 | 5 | 136 | 39 | 892 | 296 | 1368 |
| 3 | 3 | 31 | 44 | 900 | 196 | 1174 |
| 4 | 8 | 53 | 78 | 908 | 127 | 1174 |
| 5 | 3 | 84 | 142 | 1271 | 58 | 1558 |
| 6 | 10 | 54 | 144 | 1054 | 78 | 1340 |
| 7 | 6 | 41 | 118 | 730 | 53 | 948 |
| जम्मा | 44 | 438 | 648 | 6482 | 1071 | 8683 |

**श्रोत: जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइएअनुसार यस गाउँपालिकाका घरका जग विविध प्रकारले बनेका छन् । यिनमा सवैभन्दा धेरै काठको खम्बा भएका घर छन्, जसको संख्या ६४८२ वटा छन् । यसैगरी सिमेन्टको पिलर भएका घरको संख्या ६४८ छ । यहाँका ४४ वटा घरका जग भने ढुंगा, इँटा र माटोले बनेका छन् ।

कानेपोखरी गाउँपालिकाका घरहरूको पर्खालको किसिमलाई पनि वर्गिकरण गरिएको छ । यहाँ सवैभन्दा ज्यादा घरहरू बाँसको टाटीले बारिएका छन् । यस गाउँपालिकामा यस्ता घरहरूको संख्या ६०१७ वटा छ । यता काठको घेराबेरा भएका घरको संख्या भने १५३१ वटा रहेको छ । सिमेन्ट, ढुंगा र इँटाको पर्खाल भएका घरको संख्याचाहिं यस गाउँपालिकामा ९०७ छ । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

## तालिका नं. ३
## वडा अनुसार घरको वाहिरी गारोको प्रकार

| वडा नं. | घरको बाहिरी गाह्रोको किसिम | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | माटो र ढुंगा इटा | सिमेन्ट र ढुंगा इटा | काठ | बास | अन्य | |
| 1 | 18 | 115 | 110 | 820 | 58 | 1121 |
| 2 | 9 | 119 | 61 | 1129 | 50 | 1368 |
| 3 | 4 | 68 | 313 | 768 | 21 | 1174 |
| 4 | 6 | 116 | 216 | 827 | 9 | 1174 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | 10 | 169 | 336 | 1033 | 10 | 1558 |
| 6 | 13 | 178 | 238 | 904 | 7 | 1340 |
| 7 | 8 | 142 | 257 | 536 | 5 | 948 |
| जम्मा | 68 | 907 | 1531 | 6017 | 160 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइएअनुसार यस गाउँपालिकाका घरका पर्खाल या गारो विविध प्रकारले बनेका छन् । यिनमा सवैभन्दा धेरै बाँसको टाटीबाट घेराबेरा बनेका घरहरू ११२९ वटा वडा नं. २ मा छन् । यसैगरी बाँसको घेरा भएका सवैभन्दा कम घरहरूको संख्या भने वडा नं. ७ मा ५३६ वटा घरहरू छन् । माटो, इँटा र ढुंगाको पर्खाल भएका सवभन्दा थोरै घर वडा नं. ३ मा ४ वटा तथा सवैभन्दा धेरै भने वडा नं. १ मा १८ वटा घरहरू छन् । यस गाउँपालिकामा अन्य प्रकारका पर्खाल भएका घरको संख्या भने १६० वटा छ । यता इँटा र सिमेन्टका पर्खाल भएका घरको संख्या ९०७ छ ।

## घरको छाना

घरको छानाले घरको तथा त्यहाँ बस्ने परिवारको अवस्था दर्साउने गर्दछ । तसर्थ मोरङको कानेपोखरी गाउँपालिकाका घरको छानाको प्रकार पनि विश्लेषण गरिएको छ । यस गाउँपालिकाको घरको छानाको प्रकारलाई तलको तालिकामा पनि देखाइएको छ ।

**तालिका नं. ४**

**वडा अनुसार घर परिवारले प्रयोग गरेको घरको छानाको प्रकार**

| वडा नं. | घरको छानाको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | पराल तथा खर | जस्तापाता | ढलान | अन्य | |
| 1 | 654 | 441 | 9 | 17 | 1121 |
| 2 | 699 | 632 | 22 | 15 | 1368 |
| 3 | 524 | 619 | 9 | 22 | 1174 |
| 4 | 393 | 707 | 49 | 25 | 1174 |
| 5 | 520 | 993 | 31 | 14 | 1558 |
| 6 | 303 | 954 | 71 | 12 | 1340 |
| 7 | 150 | 767 | 22 | 9 | 948 |
| जम्मा | 3243 | 5113 | 213 | 114 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइएअनुसार यस गाउँपालिकाका घरको छानो विविध प्रकारले बनेका छन् । यिनमा सवैभन्दा धेरै जस्तापाताबाट छानो बनेका घरहरू ५११३ वटा छन् । जस्तापाताका छाना भएका सवैभन्दा धेरै घर वडा नं. ५ मा ९९३ वटा छन् । यसैगरी जस्ता पाताको छाना भएका सवैभन्दा कम भने वडा नं. १ मा ४४१ वटा घरहरू छन् । पराल र खरको छाना भएका सवभन्दा थोरै घर वडा नं. ७ मा १५० वटा तथा सवैभन्दा धेरै भने वडा नं. २ मा ६९९ वटा घरहरू छन् । यस गाउँपालिकामा छत ढलान भएका घरको संख्या भने २१३ वटा छ । यता अन्य प्रकारका छाना

भएका घरको संख्या ११४ छ । सिमेन्ट र गिट्टीले छत ढलान गरिएका घरकोहरू सवैभन्दा धेरै वडा नं. ६ मा जम्मा ७१ वटा छन् । यस्तै पक्की छत भएका सवैभन्दा कम घर भने वडा नं. १ र ३ मा नौनौवटा छन् ।

## खानेपानी

स्वच्छ खोनपानी खान पाउनु पर्ने कुरा सबै नागरिकको नैसर्गिक अधिकार हो । तर नेपालको सवै भागमा यस्तो खानेपानीको व्यवस्था हुन सकेको छैन । नेपाल तराईको अधिकांश भागमा भने ट्युवेलको पानी प्रयोगमा ल्याईएको पाइन्छ । ट्यूवेलको पानी स्वास्थ्यकर भए नभएको कुरा परीक्षण गरेरमात्र पत्ता लगाउन सकिन्छ । तर सवै ठाउँका ट्यूबेलको पानी परीक्षण गरिएको पाइँदैन । अन्य विकल्प नभएसम्म मानिसहरूले यस्तो पानी खान बाध्य हुने गर्दछन् । मोरङको कानेपोखरी गाउँपालिकामा हालसम्म पनि ८४४९ घर परिवारले ट्यूवेलको पानी प्रयोग गर्ने गरेका छन् । यस गाउँपालिकाका २३४ घरपरिवारले भने अन्य स्रोतको पानी खानेपानीका रूपमा प्रयोग गर्ने गरेका छन् । यसलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**वडा अनुसार खाने पानीको श्रोत अनुसार घर परिवारको वर्गिकरण**

| वडा नं. | पिउने पानीको स्रोत | | जम्मा |
|---|---|---|---|
| | टुवेल,कल | अन्य | |
| 1 | 1096 | 25 | 1121 |
| 2 | 1337 | 31 | 1368 |
| 3 | 1153 | 21 | 1174 |
| 4 | 1145 | 29 | 1174 |
| 5 | 1535 | 23 | 1558 |
| 6 | 1257 | 83 | 1340 |
| 7 | 926 | 22 | 948 |
| जम्मा | 8449 | 234 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका अधिकांश घरपरिवार खानेपानीको लागि ट्यूवेलमा नै निर्भर रहेका छन् । ट्यूवेलको पानी स्वास्थ्यको दृष्टिकोणले खानयोग्य छ वा छैन भन्ने कुरा अध्ययनको विषय हुन सक्छ । तापनि यसमा आश्रित कुल घरपरिवार अति धेरै या ८४४९ परिवार रहेको छ । यता २३४ घरपरिवार भने हालसम्म पनि इनार र कुवाका साथमा अन्य स्रोतको पानी खाने गर्दछन् । स्वास्थ्यको हिसाबले इनार वा कुवाको भन्दा ट्यूवेलको पानी राम्रो मानिन्छ । यस तथ्यांकले के पुष्टि गर्दछ भने सामान्य ट्यूवेलको पानीसम्म खान नपाउने घरपरिवार पनि यस गाउँपालिकाभित्र रहेकाले स्वच्छ खानेपानीको व्यवस्था हुन आवश्यक देखिन्छ ।

## इन्धनको स्रोत

इन्धनमा खाना पकाउने दाउरा, ग्याँस, गोबरग्याँस र मट्टितेलदेखि गाडी चलाउने तेलसम्म पनि पर्दछन् । कानेपोखरी गाउँपालिकाका मानिसहरूले बाल्ने बत्तिका साथमा खाना पकाउने इन्धनका रूपमा पनि विभिन्न प्रकारका श्रोतहरूको प्रयोग गर्ने गरेका छन् । विशेषगरी बाल्ने बत्तिका रूपमा भने यहाँका मानिसहरूले बिजुली, मट्टीतेल, सोलर र अन्य इन्धनको स्रोतलाई प्रयोगमा ल्याउने गरेको पाइन्छ ।

कानेपोखरी गाउँपालिकाका मानिसहरूले विभिन्न प्रकारका इन्धनका स्रोतलाई खाना पकाउने काममा प्रयोग गर्ने गरेको पाइन्छ । यहाँका खाना पकाउन प्रयोग हुने इन्धनहरूमा मुख्य रूपमा दाउरा, ग्याँस, मट्टितेल, गुइँठा र गोबरग्याँस पर्दछन् । अहिले पनि यहाँका ६३६३ घरपरिवारले खाना पकाउनको लागि दाउरालाई नै प्रयोगमा ल्याएको पाइन्छ । यस गाउँपालिकामा वनजंगल प्रशस्तै रहनुका साथै खेतवारीमा दाउराका श्रोतका रूपमा विरूवाहरू लगाएर तथा दाउरा खरिद गरेर पनि केही मानिसले खाना पकाउने इन्धनका रूपमा दाउरानै प्रयोग गर्ने गर्दछन् । यससम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ६**

**वडा अनुसार खाना पकाउने मुख्य इन्धनको श्रोत**

| वडा नं. | खाना पकाउने इन्धनको मुख्य श्रोत | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | दाउरा | मट्टीतेल | ग्यास | गुईठा | गोबरग्यास | अन्य | |
| 1 | 559 | 27 | 63 | 290 | 169 | 13 | 1121 |
| 2 | 776 | 6 | 74 | 307 | 118 | 87 | 1368 |
| 3 | 787 | 11 | 65 | 159 | 133 | 19 | 1174 |
| 4 | 940 | 10 | 109 | 7 | 104 | 4 | 1174 |
| 5 | 1378 | 6 | 85 | 16 | 72 | 1 | 1558 |
| 6 | 1111 | 8 | 160 | 0 | 56 | 5 | 1340 |
| 7 | 812 | 4 | 66 | 2 | 63 | 1 | 948 |
| जम्मा | 6363 | 72 | 622 | 781 | 715 | 130 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका जम्मा ८६८३ घरपरिवारमध्ये ६३६३ घरपरिवारले दाउरामा नै खाना पकाउने गरेको देखिन्छ । खाना तयारीको लागि इन्धनको परम्परागत स्रोत उपयोग गर्ने घरपरिवार संख्या अझ पनि निकै ठूलो छ । यस गाउँपालिकामा एलपी ग्यास प्रयोग गर्ने घरपरिवार ६२२ छन् भने गोबरग्यास ७१५ परिवारले प्रयोग गर्दछन् । यस गाउँपालिकामा अहिले पनि गुइँठा बनाएर खाना बनाउने इन्धनका रूपमा प्रयोग गर्ने घरपरिवार संख्या ७८१ रहेको छ ।

**तालिका नं. ७**

**वडा अनुसार तथा वत्ती वाल्ने इन्धनको श्रोत**

| वडा नं. | बत्ति श्रोत | जम्मा |
|---|---|---|

| | बिजुली | मट्टीतेल | सोलर | अन्य | |
|---|---|---|---|---|---|
| 1 | 718 | 385 | 8 | 10 | 1121 |
| 2 | 954 | 394 | 8 | 12 | 1368 |
| 3 | 846 | 307 | 9 | 12 | 1174 |
| 4 | 730 | 427 | 7 | 10 | 1174 |
| 5 | 1314 | 227 | 10 | 7 | 1558 |
| 6 | 1116 | 214 | 1 | 9 | 1340 |
| 7 | 875 | 67 | 4 | 2 | 948 |
| जम्मा | 6553 | 2021 | 47 | 62 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका अधिकांश घरपरिवारले बिजुलीलाई बत्तिको मुख्य स्रोत बनाएका छन् । यहाँका ८६८३ घरपरिवार मध्येका ६५५३ घरपरिवारले विजुलीलाई बत्तिको स्रोतका रूपमा लिएको देखिन्छ । यसैगरी २०२१ परिवारले मट्टीतेल र ४७ परिवारले भने सोलरलाई बिजुली या बत्तीको मुख्य स्रोतका रूपमा प्रयोग गरेको पाइएको छ । यता ६२ परिवारले चाहिं अन्य स्रोतलाई नै बत्तिका रूपमा प्रयोग गरेको पाइन्छ । यस गाउँपालिकामा बिजुलीबत्तीको प्रयोग गर्ने घरपरिवार संख्या दिनानुदिन बढ्दै गएको छ । यसले गर्दा मट्टीतेल र अन्य प्रकारका बत्तीको प्रयोग घट्तो अवस्थामा रहेको छ ।

## शौचालयको व्यवस्था

शौचालयको व्यवस्थापनले जनश्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ । दिसाबाट मानिसहरूमा हैजा लगायतका रोगहरू फैलने गर्दछ भने यसको उचित व्यवस्थापन नगरिएको खण्डमा जल, वायु र जमिन प्रदुषण हुने गर्दछ । तसर्थ शौचालयको व्यवस्थालाई पनि गाउँपालिकाहरूले महत्वपूर्ण सूचनाका रूपमा लिने गरेका छन् । मोरङको कानेपोखरी गाउँपालिकाका केही वडाहरू हालसम्ममा खुला दिसामुक्त घोषणा गरिएका छन् भने अन्य कतिपय वडामा हालसम्म चर्पी निर्माण कार्य हुँदैछ । वि.सं. २०६८ सालको जनगणना अनुसारको यस गाउँपालिकाको शौचालयको अवस्थालाई तलको तालिकामा पनि देखाइएको छ ।

**तालिका नं. ८**

**वडा अनुसार तथा चर्पीको प्रकार अनुसार घर परिवारको वर्गिकरण**

| वडा नं. | शौचालयको सुविधा | जम्मा |
|---|---|---|

| | विकसित चर्पी | साधारण चर्पी | शौचालय नभएको | |
|---|---|---|---|---|
| 1 | 342 | 236 | 543 | 1121 |
| 2 | 368 | 321 | 679 | 1368 |
| 3 | 389 | 272 | 513 | 1174 |
| 4 | 551 | 363 | 260 | 1174 |
| 5 | 635 | 525 | 398 | 1558 |
| 6 | 644 | 576 | 120 | 1340 |
| 7 | 588 | 173 | 187 | 948 |
| जम्मा | 3517 | 2466 | 2700 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार मोरङको कानेपोखरी गाउँपालिकाका ३५१७ घर परिवारमा विकसित चर्पी बनेका देखिन्छन् । यता साधारण प्रकारका चर्पीहरू भने २४६६ वटा घरमा बनेका देखिन्छन् । यस गाउँपालिकाका २७०० घरमा भने चर्पी नभएको देखिन्छ । तर जनगणना भएपछि पनि थुप्रै वडामा थुप्रैको संख्यामा चर्पीहरू पनि बनेका हुनाले यस तथ्यांकमा केही परिवर्तन आएको छ । साथै चर्पी नभएका घरहरू सबै वडामा देखाइए पनि हाल आएर केही वडाका सबै घरमा चर्पी बनेका छन् । हाल आएर शौचालय निर्माण गर्ने कार्यलाई तिब्र गति दिने गरिएको छ । यसै क्रममा केही वडाहरू भने खुला दिसामुक्त क्षेत्र पनि घोषणा भएका छन् ।

## महिलाका नाममा घर

महिला अधिकारको सवालमा महिलाको सम्पत्तिले पनि ठूलो योगदान दिने गर्दछ । महिलाको नाममा घरजमिन भएमा परिवारमा तिनको हैसियत मज्बूत भएको मानिन्छ भने तिनका नाममा घरजग्गा र सम्पत्ति नभएमा यसले महिला अधिकारलाई पनि कुण्ठित पार्न सक्तछ । आफ्नो अधिकारमा घर र जमिन भएमा तिनीहरू आफूलाई आवश्यकता पर्दा बेचबिखन गरी काम चलाउन सक्तछन् भने आफ्नो नाममा सम्पत्ति नभएमा तिनीहरूलाई यस्तो अधिकार रहँदैन । तसर्थ महिलाको अधिकारका क्षेत्रमा तिनका नाममा रहेको सम्पत्तिको निकै ठूलो भूमिका हुने गर्दछ ।

मोरङको कानेपोखरी गाउँपालिकाका केही परिवारमा महिलाका नाममा पनि घरजग्गा राखिएको देखिन्छ । यस गाउँपालिकाका ११३५ परिवारले महिलाका नाममा घरजग्गा राखेका छन् भने २४५६ परिवारले भने महिलाका नाममा जग्गामात्र राखेका छन् । यसलाई तलको तालिकामा पनि दिइएको छ ।

**तालिका नं. ९**
**वडा अनुसार महिलाका नाममा घर भएका परिवार संख्या**

| वडा नं. | घर जग्गा | जग्गा मात्र | जग्गा नभएको | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 129 | 352 | 764 | 5 | 1121 |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | 183 | 422 | 940 | 6 | 1368 |
| 3 | 154 | 330 | 835 | 9 | 1174 |
| 4 | 256 | 387 | 782 | 5 | 1174 |
| 5 | 181 | 370 | 1187 | 1 | 1558 |
| 6 | 109 | 285 | 1051 | 4 | 1340 |
| 7 | 123 | 310 | 633 | 5 | 948 |
| जम्मा | 1135 | 2456 | 6192 | 35 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका महिलाको नाममा घरजग्गा राख्ने सवैभन्दा धेरै परिवार वडा नं. ४ मा २५६ परिवार रहेको छ । यसैगरी यस्तो सवैभन्दा कम परिवार संख्या भने वडा नं. ९ मा १०९ परिवार छन् । यता महिलाका नाममा घरजग्गा नराख्ने धेरै वडा नं. ५ मा ११८७ परिवार छन् ।

## साधन र सुविधाको प्रयोग

आधुनिक युगमा यातायात र संचारको द्रुत गतिमा विकास भएर गएको छ । तसर्थ मानिसहरूले दिनहुँजसो नयाँनयाँ प्रकारका साधनको प्रयोग गर्ने गरेका छन् । मानिसहरूले ज्यादा उपयोग गर्ने साधन र सुविधामा संचार, यातायात र मनोरन्जनका साधन प्रमुख छन् । मोरङको कानेपोखरी गाउँपालिकाको साधन र सुविधाको प्रयोगको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ११**
**वडा अनुसार घरपरिवारमा विभिन्न सुविधा भएका परिवारको प्रतिशत**

| **सि.नं.** | **सुविधाको साधान** | **भएको घरपरिवार संख्या** | **नभएको घरपरिवार संख्या** | **जम्मा** |
|---|---|---|---|---|
| 1 | रेडिया | 3574 | 5109 | 8683 |
| 2 | टेलिभिजन | 4639 | 4044 | 8683 |
| 3 | टेलिफोन | 117 | 8566 | 8683 |
| 4 | मोबाइल | 6291 | 1884 | 8175 |
| 5 | केवल टि.भि. | 516 | 8167 | 8683 |
| 6 | साइकल | 6286 | 2397 | 8683 |
| 7 | मोटरसाइकल | 545 | 8138 | 8683 |
| 8 | मोटर | 35 | 8648 | 8683 |
| 9 | फ्रिज | 322 | 8361 | 8683 |
| 10 | कम्प्यूटर | 165 | 8518 | 8683 |
| 11 | इन्टरनेट | 60 | 8623 | 8683 |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार मोरङको कानेपोखरी गाउँपालिकाका विभिन्न घरपरिवार मध्ये सवैभन्दा ज्यादा परिवारमा भएको साधन मोबायल हो । यस गाउँपालिकाका जम्मा ६२९१ घरपरिवारमा मोबायल फोन रहेको छ । यता साईकल भने ६२८६ परिवारमा रहेको देखिन्छ । हाल आएर मोवायल फोनको प्रयोग दिनानुदिन बढ्दै गएले यस्तो फोन प्रयोग कर्ताको संख्या एक्कासी बढेर गएको छ । प्राय मोबायल फोन नहुने घरपरिवारको संख्या अति न्यून छ । एकै परिवारका पनि थुप्रै सदस्यहरूका हातमा मोबायल फोनहरू रहेका छन् । यता फ्रिज, मोटर, कम्प्यूटर र इन्टरनेट चलाउने घरपरिवारको संख्या पनि दिनानुदिन बढ्दै गएको छ ।

# खण्ड तीन
# विविध विवरणहरू

मोरङको कानेपोखरी गाउँपालिका जिल्लाको बीच भागमा रहेको छ । पूर्वपश्चिम राजमार्ग उत्तरी भागबाट गएको यो गाउँपालिका विभिन्न नगरपालिकाहरूले घेरिएको छ । तीनवटा गाउँपालिका मिलाएर निर्माण गरिएको यो गाउँपालिकाको सवै भूभाग तराईमा पर्दछ। उर्बर माटो र थुप्रै पानीका श्रोतहरू रहेको यस गाउँपालिकाको उत्तरी भागमा चारकोशे झाडीको अवशेष छ । कानेपोखरीको जंग्लका नामले यसलाई जान्ने गरिन्छ । कानेपोखरी, कालीकोशी सिमसार र अन्य विभिन्न सिमसारले शोभायमान कानेपोखरी सांस्कृतिक रूपमा पनि सम्पन्न छ। यस गाउँपालिकाका विविध विवरणहरू तलका तालिकाहरूमा दिइएका छन् ।

### अपांगता परिचयपत्र लिएका बालबालिकाको विवरण

मोरङको कानेपोखरी गाउँपालिकामा विभिन्न प्रकारका अशक्त व्यक्तिहरू रहेका छन् । तिनीहरूको अशक्तताको अवस्था पनि विविध प्रकारको रहेको पाइन्छ । यस गाउँपालिकाको अशक्तताको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १**
**अशक्तताको विवरण**

| क्र.स. | विवरण | संख्या | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| 1 | पूर्ण अशक्त अपांगता (रातो रंगको) | 39 | 44 | 83 |
| 2 | अति अशक्त अपांगता परिचयपत्र (निलो रंगको) | 35 | 31 | 66 |
| 3 | मध्यम अशक्त अपांगता पहेंलो रंगको) | | | |
| 4 | सामान्य अशक्त अपांगता सेतो रंगको) | | | |
| जम्मा | | 74 | 75 | 149 |

**श्रोतः गाउँपालिका कार्यालय ।**

यस गाउँपालिकामा मध्यम र सामान्य प्रकारका अपांगहरू पनि छन् । तर तिनीहरूको भने लेखाजोखा गरिएको छैन । यहाँ पूर्ण अशक्त तथा अतिअशक्तको मात्र लेखाजोखा गरिएको छ र तिनीहरूलाई रातो र निलो रंगको कार्ड पनि वितरण गरिएको छ । यस गाउँपालिकामा अशक्त बालिका जम्मा ७४ जना र बालक भने ७५ जना छन् । यसमा दुर्व वर्गका अशक्त पर्दछन् ।

### खाद्यान्न आत्मनिर्भरताको अवस्था

यस गाउँपालिकाका मानिसहरूको मुख्य पेशा कृषिनै हो । तसर्थ कृषिको विकासका लागि नेपार सरकारका तर्फबाट पनि निकै ठूलो प्रयास भएको छ । यता हाम्रो कृषि प्रणालि भने अहिलसम्म पनि व्यवसायिक बन्न सकेको छैन । हामीले जीविका खेतीलाईनै अहिले पनि अंगिकार गरेका छौं । तसर्थ सालभर कृषि कार्य गरेर पनि खान नपुग्ने कृषकको संखया निकै धेरै छ । यस गाउँपालिकाको खाद्यान्न आत्मनिर्भरतालाई तलको तालिकामा पनि दिइएको छ ।

**तालिका नं. २**
**खाद्यान्न आत्मनिर्भरताको अवस्था**

| कस | आद्यान्न उपलब्धताका आधारमा परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ३ महिनाभन्दा कम खान पुग्ने परिवार | ३० | |
| २ | ४ देखि ६ महिना खानपुग्ने परिवार | २८ | |
| ३ | ७ देखि ९ महिना खानपुग्ने परिवार | २२ | |
| ४ | १० देखि १२ महिना खानपुग्ने परिवार | १३ | |
| ५ | आफ्नो उत्पादनबाट खान पुगेर बेचविखन गर्ने परिवार | ७ | |

**श्रोतः गाउँपालिका कार्यालय, कानेपोखरी।**

माथिको तालिकामा दिइए अनुसार यस गाउँपालिकाका ३० प्रतिशत मानिसहरूलाई आफ्नो कमाईले ३ महिनासम्ममात्र खान पुग्दछ । यसैगरी ४ देखि ६ महिना खान पुग्ने २८ प्रतिशत छन् भने आफ्नो उत्पादनबाट खान पुगेर बँच्ने या बेचबिखन पनि गर्ने मानिसहरू भने ७ परिवारमात्र रहेका देखिन्छन् ।

## परिवारको स्वामित्वमा रहेको जग्गा जमिनसम्बन्धी विवरण

नेपाल कृषिप्रधान देश हो । देशका अधिकांश मानिसहरू कृषि पेशामा नै निर्भर छन् । तर आजसम्म पनि कृषक परिवारका नाममा सिमितमात्र जमिन रहेको देखिन्छ । मोरङको कानेपोखरी गाउँपालिकामा पनि कृषकको संख्या अति धेरै छ । तर तिनीहरूका स्वामित्वमा जमिन भने निकै कम रहेको देखिन्छ । यसरी कृषक भएर पनि यहाँका धेरै मानिसलाई आफ्नो उत्पादनले सालभर खान नपुग्ने अवस्था छ । वास्तवमा आफ्नो स्वामित्वमा यथेस्ट जमिन नरहेको तथा भाडा जमिन लिएर खेतिपाति गर्ने पद्धतिको विकास नभएको हुनाले यस्तो परिस्थितिको सिर्जना भएको हो । कृषकलाई खेतिपातिका लागि आवश्यकताअनुसारको जमिनको आवश्यकता पर्दछ । यस गाउँपालिकाको कृषकको व्यक्तिगत स्वामित्वमा जमिन रहेनरहेको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ३**
**जमिनमा परिवारको स्वामित्व**

| सि.नं. | स्वामित्व | | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|---|
| | पहाड (रोपनी) | तराई(कठ्ठा) | | |
| १ | २ रोपनी भन्दा कम | ५कठ्ठा भन्दा कम | 5209 | ६० प्रतिशत |
| २ | २ देखि ५ रोपनी सम्म | ६ देखि १० कठ्ठा सम्म | 1477 | १७ प्रतिशत |
| ३ | ६ देखि १० रोपनी सम्म | ११ देखि २० कठ्ठा सम्म | 1129 | १३ प्रतिशत |
| ४ | ११ देखि २० रोपनी सम्म | २१ देखि ३० कठ्ठा सम्म | 521 | ६ प्रतिशत |
| ५ | २० रोपनी भन्दा माथि | ३१ कठ्ठा भन्दा माथि | 260 | ३ प्रतिशत |
| ६ | जग्गा नै नभएको | जग्गा नै नभएको | 87 | १ प्रतिशत |
| ७ | थाहा नभएको | थाहा नभएको | 0 | |
| जम्मा | | | 8683 | |

**श्रोतः गाउँपालिका कार्यालय कानेपोखरी ।**

माथिको तालिकामा दिइए अनुसार यस गाउँपालिकाका आफ्नो स्वामित्वमा ५ कठ्ठाभन्दा कम जमिन हुने घरपरिवार संख्या ५२०९ छ । यो संख्या कुल घरपरिवार संख्याको ६० प्रतिशत हुन आउँछ । यसैगरी जमिननै नभएका १ प्रतिशत या ८७ परिवार छन् भने ३१ कठ्ठा भन्दा धेरै जमिन हुने भने ३ प्रतिशत या २६० परिवार छन् ।

**आर्थिक वर्ष २०७२।०७३ को पञ्जिकरणको विवरण**

पञ्जिकरणको विवरणले गाउँपालिकाहरूको विविध प्रकारको वस्तुस्थिति प्रकाशमा ल्याउने गर्दछ । विशेषगरी विभिन्न प्रकारका घटनाहरूलाई पन्जिकरणमा दर्ता गर्ने गरिन्छ । यसले गर्दा आवश्यकता पर्दा घटनाहरूको विवरण सहज रूपमा प्राप्त गर्न सकिन्छ । यस गाउँपालिकाको पन्जिकरणको विवरणलाई तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ४**

**पञ्जिकरणको विवरण**

| क.सं. | विवरण | २०७२/७३ को जनसङ्ख्या | जम्मा दर्ता संख्या | महिला | पुरूष |
|---|---|---|---|---|---|
| १. | जन्म दर्ता | | 1276 | 624 | 652 |
| १.१ | ५ वर्ष सम्मका | | 788 | 374 | 414 |
| १.२ | ५ वर्षदेखि १८ वर्ष सम्मका बालबालिका | | 255 | 149 | 106 |
| १.३ | १८ वर्ष माथिका मानिस | | 233 | 129 | 104 |
| २ | मृत्यु दर्ता | | 273 | 117 | 156 |
| ३ | सम्बन्ध बिच्छेद | | 14 | 9 | 5 |
| ४ | बसाईसराई | | 696 | 377 | 319 |
| ५ | बिबाह दर्ता | | 682 | 341 | 341 |
| ५.१ | १८ वर्ष भन्दा कम उमेर | | | | |
| ५.२ | १८ वर्ष भन्दा माथि | | 696 | 348 | 348 |
| जम्मा | | | | | |

**श्रोतः गाउँपालिका कार्यालय, कानेपोखरी ।**

यस गाउँपालिकामा आर्थिक वर्ष २०७२।७३ को पन्जिकरणमा विभिन्न प्रकारका दर्ता भएका देखिन्छन् । यिनमा सवैभन्दा ज्यादा जन्म दर्ता भएका छन् भने त्यसपछि बसाईंसराई र विवाह दर्ता भएका छन् । यहाँ जन्मदर्ता बालबालिकालाई विद्यालय पठाउन तथा पछि ठूलो भएपछि नागरिकताको प्रमाणपत्र लिनका लागि पनि आवश्यकता पर्दछ । यसैगरी पैतृक सम्पत्ति नामसारीका लागि मृत्यू दर्ता गर्ने चलन पाइन्छ भने विविध प्रयोजनले बसाईंसराई र विवाह दर्ता गर्ने चलन छ । यस गाउँपालिकाको बसाईं सराईमा भने बाहिर जाने र आउने दुवै प्रकारका पर्दछन् ।

## आर्थिक वर्ष २०७२।७३ को नागरिकता तथा अन्य सिफारिस

गाउँपालिकाहरूमा दर्तामात्र नभएर सिफारिस लिने कार्य पनि गरिन्छ । आफूलाई आवश्यकता पर्ने अनेक प्रकारका सिफारिसहरू गाउँपालिकाबाट लिन सकिन्छ । यस गाउँपालिकाको आर्थिक वर्ष २०७२।७३ को नागरिकता तथा अन्य प्रकारको सिफारिसको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ५**

**नागरिकता र अन्य प्रकारको सिफारिस**

| क्रस | विवरण | सिफारिस संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ६७४ |
| २ | नाता प्रमाणित | २१० |
| ३ | अन्य सिफारिस | २१६० |
| ४ | नक्सा पास | ४३ |

**श्रोतः गाउँपालिका कार्यालय ।**

नागरिकताको प्रमाणपत्र लिनका लागि गाउँ विकास समितिहरूको सिफारिस लिन आवश्यक हुने गर्दछ । हालसालै गाउँपालिका गठन भएको हुँदा यस अघि गाविसहरूले गरेका सिफारिसलाई यहाँ गाउँपालिकाको सिफारिस मानिएको छ । यस गाउँपालिकामा आर्थिक वर्ष २०७२।७३ मा नागरिकता सिफारिस ६७४ जनाको नाता प्रमाणित २१० जनाको भएको छ । यहाँ अन्य प्रकारको सिफारिस भने सवैभन्दा ज्यादा २१६० वटा भएको देखिन्छ ।

## सामाजिक सुरक्षा भत्ता पाउने विवरण

नेपाल सरकारले नागरिकहरूको हित, सुरक्षा र रक्षाका लागि अनेक प्रकारका अशक्त भएका व्यक्तिलाई भत्ताको व्यवस्था गरेको छ । यसैगरी जेष्ठ नागरिकको सम्मानमा पनि यस्तो भक्ताको व्यवस्था भएको पाइन्छ । यता एकल महिला र विधवाहरूलाई पनि सुरक्षाका लागि भत्ताको व्यवस्था गरिएको देखिन्छ । मोरङको यस गाउँपालिकाको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ६**

**सामाजिक सुरक्षा भत्ता**

| जेष्ठ नागरिक | | | दलित जेष्ठ नागरिक | | | एकल महिला | पूर्ण अपांग | | | आंशिक अपांग | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | ज | म | पु | ज | ज | म | पु | ज | म | पु | ज | |
| 1655 | 1807 | 3462 | 89 | 74 | 163 | 356 | 38 | 44 | 83 | 35 | 31 | 66 | 4130 |

**श्रोतः जिल्ला समन्वय समिति, मोरंग ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका विभिन्न ४१३० जना मानिसहरूले विभिन्न प्रकारका भक्त लिने गरेका छन् । यसमा सवैभन्दा ज्यादा सामाजिक सुरक्षा भत्ता लिने मानिसहरू भने जेष्ठ नागरिक छन् । तिनीहरूमा जम्मा ३४६२ जनाले यस्तो भत्ता लिने गरेको देखिन्छ । यसैगरी सवैभन्दा कम भने आंशिक अपांग भत्ता लिनेको संख्या छ, जुन संख्या ६६ जनामात्र छ ।

## शैक्षिक संस्था विवरण

विद्यालय तथा महाविद्यालयहरू शिक्षाका केन्द्र हुन् । नेपालको सन्दर्भमा सरकारी, सार्वजनिक र नीजि गरी तीन प्रकारका शैक्षिक संस्थाहरू रहेका छन् । देशका विभिन्न भागमा यस्ता शैक्षिक संस्थाहरू खुलेका छन् । मोरङको कानेपोखरी गाउँपालिकामा पनि सरकारी सामुदायिक र नीजि विद्यालयहरू रहेका छन् । तिनीहरूको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ७**

**शैक्षिक संस्थाहरू**

| विवरण | सरकारी | सामुदायिक | नीजि विद्यालय | कूल |
|---|---|---|---|---|
| प्रावि | ११ | | | ११ |
| निमावि | ५ | | | ५ |
| मावि | ६ | | | ६ |
| क्याम्पस | १ | | | १ |
| वेद विद्याश्रम | | | | |
| मदरसा | | | | |
| अन्य | | | | |

**श्रोतः जिल्ला शिक्षा कार्यालय ।**

यस गाउँपालिकामा एउटा क्याम्पस रहेको छ भने ६ वटा माध्यमिक विद्यालय छन् । यसैगरी ११ वटा प्रावि र ५ वटा निमावि छन् । यहाँका माध्यमिक विद्यालयहरूमा मा कक्षा १२ सम्म पठनपाठन गर्ने परिपाटिको विकास भएको छ ।

## विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राको विवरण, २०७३

मोरङको कानेपोखरी गाउँपालिकामा विभिन्न ३३ वटा सरकारी विद्यालयहरू छन् । यस गाउँपालिकामा नीजि भने दर्ता भएको एउटामात्र विद्यालय छ । यी विद्यालयका विभिन्न कक्षामा अध्ययन गर्ने छात्रा र छात्राको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ७**

**विभिन्न कक्षामा अध्ययनरत छात्राछात्रहरूको विवरण**

| कक्षा | सरकारी विद्यालय | | | नीजि विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| 1 | 219 | 220 | 439 | 13 | 18 | 31 | 470 |
| 2 | 210 | 201 | 411 | 10 | 12 | 22 | 433 |
| 3 | 223 | 200 | 423 | 7 | 8 | 15 | 438 |
| 4 | 237 | 205 | 442 | 9 | 10 | 19 | 461 |
| 5 | 225 | 225 | 450 | 6 | 10 | 16 | 466 |
| 6 | 239 | 236 | 475 | 7 | 7 | 14 | 489 |
| 7 | 291 | 245 | 536 | 6 | 7 | 13 | 449 |
| 8 | 357 | 263 | 620 | 13 | 14 | 27 | 647 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 9 | 345 | 339 | 684 | 0 | 0 | 0 | 684 |
| 10 | 345 | 299 | 644 | 0 | 0 | 0 | 644 |
| 11 | 4 | 1 | 5 | 0 | 0 | 0 | 5 |
| 12 | 79 | 43 | 122 | 0 | 0 | 0 | 122 |

**श्रोतः जिल्ला शिक्षा कार्यालय, मोरङ ।**

माथिको तालिकामा देखाइएअनुसार यस गाविसका विभिन्न विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमा प्राय बालक र बालिकाहरूको संख्या अलगअलग प्रकारको रहेको पाइन्छ । तर पनि यिनीहरूको संख्यामा ठूलो अन्तर भने रहेको छैन । यहाँ नीजि विद्यालयहरूमा भने विद्यार्थी संख्या निकै कम रहेको छ ।

**विद्यालयमा शौचालयको विवरण**

माध्यमिक तहसम्म सवैलाई सर्वशुलभ ढंगमा शिक्षा दिनु सरकारको दायित्व हो । तसर्थ नेपालका विभिन्न गाउँघरमा पनि विभिन्न प्रकारका विद्यालयहरू स्थापना भएका छन् । विद्यालयहरूमा पनि समुचित मात्रामा कक्षाकोठा, शिक्षक र शौचालयको व्यवस्था हुन आवश्यक हुने गर्दछ । मोरङको कानेपोखरी गाउँपालिकामा रहेका विद्यालयहरूको शौचालयको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ८**

**विद्यालयमा शौचालयको व्यवस्थ**

| जम्मा विद्यालय संख्या | शौचालयको किसिम संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | सामान्य, सवैले प्रयोग गर्ने | शिक्षक शिक्षिका | छात्राछात्रका लागि भिन्दै | अपाङ्गका लागि | शौचालय नभएको | जम्मा |
| २१ | ० | २६ | ५८ | ० | ० | |

**श्रोतः जिल्ला शिक्षा कार्यालय, मोरंग ।**

माथिको तालिकामा देखाईअनुसार कानेपोखरी गाउँपालिकामा रहेका विद्यालयहरूमा अनेक प्रकारका शौचालयहरू रहेका छन् । तिनमा कतिपय शिक्षकका लागि छन् भने अन्य बालबालिका या विद्यार्थीका लागि रहेका छन् । यस गाउँपालिकाका विभिन्न विद्यालयहरूमा जम्मा ५८ वटा शौचालय रहेका देखिन्छन् । तर यसमा अपांगका लागि भने अलग्गै शौचालय बनेका छैनन् ।

**तहगत शिक्षक विवरण**

मोरङको कानेपोखरी गाउँपालिकामा प्रावि, निमावि र मावि तहका शिक्षकहरूले विद्यालयहरूमा पठनपाठन गराई रहेका छन् । विद्यार्थीको अनुपातमा शिक्षकहरू भएको अवस्थामा भने स्तरिय शिक्षा प्रदान गर्न सकिन्छ । तसर्थ विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षकहरू रहन आवश्यक हुने गर्दछ । यस गाउँपालिका विभिन्न विद्यालयहरूमा अध्यापन गराउने विभिन्न तहका शिक्षकहरूको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ९**

**शिक्षकहरूको विवरण**

| तह | स्वीकृत दरवन्दी कार्यरत | | | | | | | निजी श्रोत | | राहत दरवन्दी | | | PCF मा | | तालिम प्राप्त शिक्षक संख्या | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | | अस्थायी | | | | | | | | | | |
| | म. | पु. | जम्मा | म. | पु. | म. | पु. | म. | पु. | म. | पु | ज | म | पु. | | |
| प्रावि | 36 | 76 | 112 | 24 | 49 | 12 | 27 | | | | | 12 | | | | 124 |
| निमावि | 16 | 24 | 40 | 11 | 17 | 5 | 7 | | | | | 5 | | | | 45 |
| मा.वि | 5 | 17 | 22 | 3 | 12 | 2 | 5 | | | | | 12 | | | | 34 |
| जम्मा | 57 | 117 | 174 | 38 | 78 | 19 | 39 | | | | | 29 | | | | 203 |

**श्रोतः जिल्ला शिक्षा कार्यालय, मोरङ ।**

शिक्षा कार्यालयले दिएको सूचनाअनुसार मोरंगको कानेपोखरी गाउँपालिकाका विभिन्न विद्यालयमा प्रावि तहमा जम्मा ११२ जनाको शिक्षक दरवन्दी रहेको छ । यसैगी निमाविमा ४० र माविमा २२ जना शिक्षकशिक्षिकाको दरवन्दी रहेको देखिन्छ । यसरी यस गाउँपालिकामा कूल १७४ जना शिक्षक शिक्षिकाको दरवन्दी कायम रहेको पाइएको छ । शिक्षा कार्यालयको रेकर्ड अनुसार यस गाउँपालिकामा राहत दरबन्दी भने जम्मा २९ जनाको रेहेको छ ।

**विद्यमान स्वास्थ्य सेवाहरू**

यस गाउँपालिकामा विभिन्न तीनवटा गाविसलाई गाभिएको हुँदा यी तीनवटा गाविसमा पर्ने स्वास्थ्य संस्था यस गाउँपालिका भित्र परेका छन् । तसर्थ यस गाउँपालिका भित्रको स्वास्थ्य सेवा पनि तिनीहरूलेनै प्रबाह गरेका छन् । यस गाउँपालिकाको स्वास्थ्यसम्बन्धी विवरण तलको लेखाचित्रमा दिइएको छ ।

**तालिका नं. १०**
**विविध स्वास्थ्य विवरण**

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | बेड संख्या |
|---|---|---|---|
| 1 | जिल्ला जनस्वास्थ्य कार्यालय | 0 | |
| 2 | सरकारी अस्पताल | 0 | |
| 3 | प्रसुती गृह | 0 | |
| 4 | वाल अस्पताल | 0 | |
| 5 | आयुर्बेद अस्पताल | 0 | |
| 6 | प्राकृतिक चिकित्सा | 1 | |
| 7 | स्वास्थ्य चौकी | 3 | |
| 8 | उप-स्वास्थ्य चौकी | 0 | |
| 9 | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | 0 | |
| 10 | निजि अस्पताल | 0 | |
| 11 | फार्मेसी | 21 | |
| 12 | चिकित्सक संख्या | 0 | |
| 13 | चिकित्सक अनुपात | 0 | |

| | | | |
|---|---|---|---|
| 14 | क्लिनिक | 2 | |
| 15 | बर्थिंङ सेन्टरः | 1 | |
| 16 | पोलि क्लिनिक | 2 | |
| 17 | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | 60% | |
| 18 | दक्ष स्वास्थ्यकर्मी बाट सूत्केरी गराउने प्रतिशत | 60% | |
| 19 | सुडेनीवाट सुत्केरी गराउने प्रतिशतः | 5 | |
| 20 | भिसीटी केन्द्र संख्याः | 0 | |
| 21 | महिला स्वयम सेविका संख्याः | 27 | |
| 22 | टि.बी. उपचार केन्द्रः | 1 | |
| 23 | परिवार नियोजन का ५ बिधी र ३ बिधीको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्याः | 3 | |
| 24 | बि.ओ.सी.(आधारभुत): | 0 | |
| 25 | सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | 0 | |
| 26 | गर्भवती जाँच पहिलो पटकको प्रतिशतः | 75% | |
| 27 | गर्भवती जाँच चौथो पटक सम्मको प्रतिशतः | 52% | |
| 28 | सुत्केरी पश्चात जाच गराउन आउने प्रतिशतः | 0 | |
| 29 | औसत आयुः .... वर्ष | 0 | |
| | महिलाः.... वर्ष | 0 | |
| | पुरूषः.... वर्ष | 0 | |

श्रोतः स्थानीय स्वास्थ्य चौकी र गाउँपालिकाका कर्मचारी तथा स्थानीय मानिसहरूसँगको छलफलका आधारमा प्राप्त विवरण ।

## खोपसेवाको विवरण

खोप सेवाले जनताको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ । उचित समयमा खोप पाएका बालबालिकाहरूमा रोगसँग लड्ने क्षमतामा अभिबृद्धि हुने गर्दछ । तसर्थ खोपका कारण बालस्वास्थ्यमा सुधार आउने गर्दछ । यस गाउँपालिकाको खोपको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ११**
**खोप सेवाको विवरण**

| क. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | वि. सि. जि. | 90% | 90% | 90% |
| २ | डि. पि. टि. | 90% | 90% | 90% |
| ३ | हेपाटाइटिस वि | 90% | 90% | 90% |
| ४ | दादुरा | 90% | 90% | 90% |
| ५ | पोलियो ३ | 90% | 90% | 90% |
| ६ | टि. टि. | 90% | 90% | |

**श्रोतः स्थानीय स्वास्थ्य चौकीहरूको प्रतिवेदन अनुसार ।**

यस गाउँपालिकाका करिव ९० प्रतिशत बालबालिकाले खेपासेवा लिने गरेका छन् । विशेषगरी वडावडामा महिला स्वयम्‌सेविका रहेका हुनाले तिनीहरूले बालबालिकाको खोपसेवा प्रभावकारी बनाएका छन् ।

### खोप सेवा छाड्ने बालबालिकाको अवस्था

कानेपोखरी गाउँपालिकाका केही बालबालिकाले खोपसेवा छाड्ने गरेको पनि पाइएको छ । यस गाउँपालिकाको खोपसेवा छाड्ने बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १२**

**खोपसेवा छाड्ने बालबालिकाको विवरण**

| क. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | वि.सि.जि र दादुरा | 10 प्रतिशत | 10 प्रतिशत | 10 प्रतिशत |
| २ | डि. पि. टि. , हेपाटाइटिस वि, एच. आइ. भि.१ र ३ | 10 प्रतिशत | 10 प्रतिशत | 10 प्रतिशत |
| ३ | खोप नलगाएका बालबालिका | 10 प्रतिशत | 10 प्रतिशत | 10 प्रतिशत |

श्रोतः स्थानीय स्वास्थ्य संस्थाहरूको विवरण ।

### बाल अधिकार

बालबालिकाको अधिकारलाई छोटकरीमा बालअधिकार भनिन्छ । बाल अधिकार प्रदान गर्ने र गराउने मुख्य दायित्व राज्यको हो । राज्यका प्रतिनिधिले नै अन्तराष्ट्रिय मञ्चमा उभिएर बालबालिकाका अधिकार दिने प्रतिबद्धता गरेको हुन्छ । त्यसैले राज्य आफैंले वा उसको पहलमा सरकारी वा गैरसरकारी वा सामाजिक संघसंस्था र परिवारले समेत बालअधिकार बहालीका लागि जिम्मेवार भई काम गर्नुपर्दछ । नगरे उनीहरूलाई जिम्मेवार बनाउने काम पनि राज्य वा सरकारको नै हो ।

स्थानीय तह नेपाल सरकारका तर्फबाट सेवा र सुविधाहरू प्रदान गर्ने सवैभन्दा तलको निकायय हो । गाउँपालिका तथा नगरपालिकाले आफनो क्षेत्रभित्रका बालकालिकाका लागि गर्नुपर्ने सबै कामको जिम्मेवारी लिनुपर्दछ । उसले गर्नुपर्ने काम र कार्यविधि नेपाल सरकारबाट जारी बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लेख छ । त्यस कार्यविधिले सरकारले बालबालिकाका लागि अनुकूल हुने संसार बनाउनका लागि आफनो तहमा काम गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । तल्लो तहको सरकारका रूपमा गाउँपालिकाले पनि आफ्नो तहमा बालबालिकाको हित अनुकूल संरचना बनाउने, नीति बनाई लागू गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने हैसियत

राख्दछ । त्यसै कारण विगत देखिनै तात्कालिक गाउँ विकास समिति र नगरपालिकाहरूले बालमैत्री स्थानीय सरकारको अवधारणा लिएर काम गरिहेका छन् ।

बालबालिका भनेका जन्मेदेखि १८ वर्ष नपुगेका मानवहरू हुन् । सुरक्षित रूपमा जन्मिन पाउनु, आवश्यक खोप तथा औषधी उपचार पाउनु, हेरचाह तथा स्याहार पाउनु र उनीहरूको अधिकार हो । त्यस्तै खान, बस्न, लाउन पाउनु, उमेर र अवस्थाका आधारमा उपयुक्त शिक्षा पाउनु, खेल तथा मनोरञ्जन पाउनु, उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण पाउनु पनि बालअधिकार नै हो । साथै, कुटपिट, हेला, हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनु, मनमा लागेको कुरा भन्न पाउनु, स्याबासी र हौसला पाउनु आदिजस्ता कुराहरू पनि बालबालिकाका लागि आवश्यक मानिन्छन् ।

बालबालिकालाई अति आवश्यक पर्ने अधिकारहरूलाई नै बालअधिकार भनिन्छ । बालअधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकार सम्बन्धी महासन्धि १९८९ हो । यस महासन्धिलाई संयुक्त राष्ट्र संघले मान्यता दिएको छ । यस महसन्धिले १८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानेको छ । उनीहरूले पाउनुपर्ने अधिकारलाई बालअधिकार भनेको छ । यस महासन्धिका ५४ वटा धारा छन् । यी धाराहरूमा जति पनि अधिकारहरू व्यवस्था गरिएका छन् तिनिहरूलाई मुख्य गरी चार भागमा बाँढेर अध्ययन गरेको पाइन्छ । एकअर्काको पूरकका रूपमा रहेका यी चारवटै भागहरूलाई चार बाकस वा चार स्तम्भ पनि भन्ने गरिन्छ ।

१. बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनु र सुरक्षित जन्मिनु उसको अधिकार हो । जन्मिएपछि आवश्यक स्वस्थकर खाना, उचित स्याहार, बास, स्वास्थ्य उपचार र न्यानो कपडा लगायतका एउटा बालक बाँच्नका लागि नभई नहुने अधिकारहरू नै यससँग सम्बन्धित अधिकारहरू हुन् ।

२. विकासको अवसर पाउने अधिकार

बालबालिकाहरू बाँचेर मात्र पुग्दैन । उनीहरूको चौतर्फी विकास हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासको लागि चाहिने सम्पूर्ण आवश्यकताहरूलाई नै बालविकासको अधिकार भनिन्छ । जस्तै शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहार सम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा आदि ।

३. संरक्षण पाउने अधिकार

हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार, यातना, कुटपिट, अपहरण, हिंसा र अवहेलनाबाट बालबालिकाको संरक्षण हुनुपर्दछ । प्रत्येक बालबालिकाले नाम पाउनुपर्छ र जन्मदर्ताको अधिकार पाउनुपर्छ । बेचबिखनबाट संरक्षण, अपहरणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट संरक्षण, जोखिमपूर्ण श्रम, श्रमशोषणबाट संरक्षण पाउनुका साथै अपाङ्गता भएका, अनाथ बालबालिकाको विशेष संरक्षण, यौनशोषणबाट संरक्षण, लागू पदार्थ दुर्व्यसन तथा ओसार पसारमा प्रयोग हुनबाट संरक्षण पाउने जस्ता महत्वपूर्ण अधिकारहरू यस अन्तर्गत पर्दछन् ।

४. सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वोत्तम हितका विषयहरूमा बालबालिकाले आफ्नो धारणा राख्न पाउनु, आफूसँग सरोकार राख्ने विषयमा निर्णय गर्ने अवसर पाउनु, भेला हुन पाउनु, एकजुट हुन पाउनु, उपस्थित हुन पाउनु, बालक्लबहरू खोल्न पाउनु तथा बलाक्लबका गतिविधिहरूमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन र

प्रतिभा प्रस्तुत गर्न पाउनु नै बालबालिकाको सहभागी हुन पाउने अधिकार हो । त्यस्तै अरूले आयोजना गरेको बाल कार्यक्रमहरूमा सहभागी हुन पाउनु, बाल हकहितका नीति निर्णयमा सहभागी हुन पाउनु, प्रशंसा, स्याबासी र हौसला पाउनु साथै विचार र भावनाको कदर हुने वातावरण पाउनु जस्ता आधारभूत अधिकारहरू यस अन्तरगत पर्दछन् । बालअधिकारका यी चारैवटा भागहरू एक अर्काका पूरक मानिन्छन् ।

बालअधिकारका सिद्धान्तहरू

बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कार्यहरू बालबालिकाको हितमा छन् भनी मापन गर्न बालअधिकार महासन्धिले चारओटा सिद्धान्तहरूलाई अँगालेको छ । यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट भए गरेका कार्यहरू बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्दछन् । बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कामहरू बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनु हुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन्

क. विभेद रहित

ख. बालबालिकाको सवोत्तम हित

ग. दीर्घजीवन र विकास

घ. बालबालिकाको विचार तथा भावनाको कदर

बालबालिकाको अधिकार तिनको शिक्षा, स्वास्थय र भविष्य निर्माणसँग सम्बन्धित छ । बालबालिकाको शिक्षामा ध्यान नदिएको खण्डमा तिनीहरूको भविश्य अन्धारमय हुन्छ भने स्थास्थ्यमा ख्याल नगरेमा कुपोषणका साथमा अनेक प्रकारका रोगको शिकारी हुने गर्दछ । एकजना रोगी व्यक्तिले जीवनको विकासका लागि खासै काम गर्न नसक्ने हुँदा बालबालिकाको अधिकारमा स्वास्थ्यसम्बन्धी अधिकारलाई महत्व दिने गरिएको हो ।

**तालिका नं १३**

**विगत ३ वर्षको पोषणको अवस्था**

| क. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा मुनिका बृद्धि अनुगमन पटक | 60% | | |
| २ | गर्भवती महिलाहरूका लागि आइरन चक्की वितरण | 90% | 90% | 90% |
| ३ | गर्भवती महिलाहरूले प्राप्त गरेका जुकाको औषधी (जना) | 75% | 90% | 90% |
| ४ | सुत्केरी भएका महिलाका लागि भिटामिन ए वितरण | 100% | 100% | 100% |
| ५ | ६ महिना देखि ५वर्ष सम्मका वच्चाहरूलाइ खुवाएको भिटामिन ए | 90% | 90% | 90% |
| ६ | १ देखि ५ वर्ष सम्मका वच्चाहरूलाई खुवाएको जुकाको औषधी जना | 100% | 100% | 100% |

श्रोतः स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरूसँग गरिएको छलफलबाट प्राप्त विवरण ।

**तालिका नं. १४**

## कामदारका रूपमा बाहिर गएका बालबालिकाको विवरण

| लिंग | संख्या |
|---|---|
| वालिका | 34 |
| वालक | 39 |
| जम्मा | 73 |

**श्रोतः गाउँपालिका कार्यालय, कानेपोखरी र स्थानीय मानिसहरूसँग गरिएको छलफलका आधारमा ।**

## तालिका नं. १५

## श्रमिक बालबालिकाको प्रकार

| सि.नं. | कामदारको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु कामदार | 23 | |
| २ | होटल तथा रेष्टुरेण्ट | 18 | |
| ३ | उद्योग तथा व्यवसाय | 32 | |
| ४ | अन्य | 0 | |
| जम्मा | | 73 | |

श्रोतः गाउँपालिकाका कार्यालय, कानेपोखरी ।

